सोलुदुधकुण्ड नगरपालिका

सल्लेरी-५, सोलुखुम्बु, प्रदेश - १, नेपाल सरकार



दशौँ नगरसभामा प्रस्तुत

नीति तथा कार्यक्रम

२०७९-२०८४

सोलुदुधकुण्ड नगरपालिका

सल्लेरी-५, सोलुखुम्बु, प्रदेश - १, नेपाल सरकार

दशौं नगरसभामा प्रस्तुत

नीति तथा कार्यक्रम

२०७९-२०८४

प्रकाशक

सोलुदुधकुण्ड नगरपालिका

सल्लेरी-५, सोलुखुम्बु, प्रदेश - १

लेआउट / मुद्रण
हिमालयन डिजाइन एण्ड प्रिन्टिङ प्रेस
चुच्चेपाटी, चाबहिल, काठमाडौं, नेपाल
www.himalayanprint.com

सोलुदुधकुण्ड नगरपालिका

ཟླ་ཤེས་རོང་ཁོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྒྲུ་ཁྲབ་ལྷན་ཁང།

नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु, प्रदेश - १

मन्तव्य

सर्वप्रथम म मुलुकमा सङ्घीयता लागू भएपछिको स्थानीय तहको दोस्रो निर्वाचनमा अत्यन्तै उत्साहपूर्वक सहभागी भइ आफ्नो अमूल्य मतबाट जनप्रतिनिधिको रुपमा निर्वाचित गर्नुभएकोमा तपाई सम्पूर्ण नगरबासीहरुमा हार्दिक आभार प्रकट गर्दछु । यसअघिको ५ वर्षे कार्यकालमा समेत नगर प्रमुखको रुपमा यस सुन्दर नगरको विकास, समृद्धि र सुशासनको जग बसाल्ने तथा यसप्रति तमाम नगरबासीको सकारात्मक भावनालाई नजिकबाट अनुभुत गर्नुको अलावा प्रभावकारी ढङ्गले स्थानीय सरकार संचालनमा यहाँहरुको अभुतपूर्व साथ/सहयोगको अनुभव बटुल्ने सु-अवसर मलाई प्राप्त भयो ।

विगत कार्यकालमा नगरबासीहरुले देखाएको मप्रतिको भरोसा, दिएको साथ र सहकार्यले नगरपालिकाको दिगो विकासको आकाङ्क्षाले क्रमश: मुर्तरुप लिँदै गएको छ । प्रथम कार्यकालबाट प्राप्त अनुभव तथा भावी नीति-कार्यक्रम र बजेटको संयोजनले यस अघि पूरा हुन नपाएका नगर विकासका कामहरु तमाम नगरबासीको भावना प्रतिविम्बित गर्दै दोस्रो कार्यकालमा पूरा गर्ने र जनताले अनुभुत गर्ने गरी स्थानीय सरकार संचालन गर्ने मेरो दृढ सङ्कल्प छ । यद्यपि, श्रोत-साधनको समीतताको कारण विकास निर्माणका यावत् पक्षको सम्बोधन चुनौतीपूर्ण छदैछ । यसै सन्दर्भमा नगरभित्रका सम्पूर्ण टोल र वडाहरुबाट प्राप्त सुझाव र तत्-तत् स्थानका आवश्यकतालाई यथोचितरुपमा प्रस्तुत नीति कार्यक्रम र बजेटमा समावेश गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत पञ्चवर्षीय नीति तथा कार्यक्रम नगरपालिकाको अबको पाँच वर्ष कार्यकालका लागि विकास र सुशासनको सही मार्गनिर्देश र जनताको दिगो समृद्धि प्राप्त गर्ने दस्तावेजका रुपमा लिएको छु । यो नीति कार्यक्रम र बजेट तर्जूमा गर्ने क्रममा अहोरात्र खट्नुहुने जनप्रतिनिधि साथीहरु, कार्यकुशलताका साथ मेहनत गर्ने राष्ट्रसेवक कर्मचारी मित्रहरु, नगर विकासको उत्कृष्ट अभिलाषासहित प्रेम, सद्भाव र हौसला प्रदान गर्नुहुने आदरणीय नगरबासीहरुको उच्च प्रशंसा गर्दै प्रस्तुत कार्यक्रम र बजेट सफल कार्यान्वयनको विश्वास व्यक्त गर्दछु ।

नाम्गेल जाङ्बु शेर्पा

नगर प्रमुख

विषयसूची

सोलुदुधकुण्ड नगरपालिकाको परिचय १

१) प्राथमिकताहरू ६

२) उद्देश्यहरू ६

३) नीति तथा कार्यक्रमहरू ७

३.१) शिक्षा ७

३.२) स्वास्थ्य १०

३.३) महिला, बालबालीका, अपाङ्ग तथा जेष्ठ नागरिक र सामाजिक सुरक्षा १२

३.४) भौतिक पूर्वाधार विकास १४

३.५) शहरी विकास १८

३.६) पर्यटन १९

३.७) खानेपानी तथा सरसफाई २०

३.८) फोहोरमैला वातावरण व्यवस्थापन २१

३.९) विपद् व्यवस्थापन २२

३.१०) कृषि तथा पशुपालन २३

३.११) ऊर्जा तथा सिँचाइ २५

३.१२) राजश्व तथा कर प्रशासन २६

३.१३) नगर प्रहरी २६

३.१४) सूचना, सञ्चार तथा प्रविधि २७

३.१५) वन तथा वातावरण २८

३.१६) रोजगारी २९

३.१७) सुशासन तथा सेवा प्रवाह २९

३.१८) गैर-सरकारी संघ-संस्था ३०

३.१९) भूमि सुधार ३०

३.२०) उद्योग ३१

३.२१) खेलकूद ३१

३.२२) वित्त तथा सहकारी ३२

३.२३) यातायात ३२
३.२४) योजना, अनुगमन तथा मूल्याङ्कन ३२
३.२५) साझेदारी ३३
३.२६) धर्म संस्कृति ३३
३.२७) लक्षित वर्ग ३४
४) योजना छनौटका आधारहरू ३५
योजना लिस्ट वडा र नगर स्तरीय ३५
विनियोजन ऐन ७८
अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन ८१
आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित कर, दस्तुर तथा जरिवानाहरु ८६

सोलुदुधकुण्ड नगरपालिकाको परिचय

सोलुखुम्बु जिल्लाकै एक मात्र नगरपालिका तत्कालीन बेनी, लोदिङ-तामाखानी, सल्लेरी र गार्मा गा. वि. स. मिलेर दुधकुण्ड नगरपालिकाको स्थापना विक्रम सम्वत् २०७१ मङ्सिर १७ गते भएको थियो। पूर्वाञ्चल विकास क्षेत्रमा रहेको यस नगरपालिका २७° ५०' २१" उत्तरी अक्षांश र ८६° ५८' ६१" पूर्वी देशान्तरमा अवस्थित छ। तत्कालीन नगरपालिकाको क्षेत्रफल २५४.३ वर्ग किमी रहेकोमा मिति २०७३ साल फाल्गुन २७ गते तत्कालीन टाक्सिन्दु, केरुङ, गोराखानी र टाप्टिङ समावेश भइ सोलुदुधकुण्ड नगरपालिका कायम रहेको छ। २०६८ सालको जनगणनाअनुसार यस नगरपालिकाको जनसङ्ख्या २०३९९ र क्षेत्रफल ५३८.०९ वर्ग किलोमिटर रहेकोमा मिति २०७४-११-१४ गते साविकको नेचासल्यान ६ तिङ्ला वडा समेत समावेश भइ नगरपालिकाको कुल जनसङ्ख्या २०७८ सालको जनगणनाअनुसार २७०१३ र क्षेत्रफल ५६५.०६ वर्ग किलोमिटर कायम रहेको छ।

सोलुदुधकुण्ड नगरपालिकाको नक्सा



१. सोलुदुधकुण्ड नगरपालिकाको सङ्क्षिप्त चिनारी :

नेपालको नं. १ प्रदेशअन्तर्गत पर्ने सोलुखुम्बु जिल्ला सतहत्तर जिल्ला मध्ये उच्च हिमाली जिल्ला हो। यही जिल्लाको पश्चिम-दक्षिण दिशामा अवस्थित सोलुदुधकुण्ड नगरपालिका सोलुखुम्बु जिल्लाको सदरमुकाम पनि हो । विक्रम सम्वत् २०७८ को जनगणनाअनुसार यस हिमाली जिल्लाले जम्मा ३३१२ वर्ग किलोमिटर छेत्रफल ओगटेको छ र जनसङ्ख्या १०४७६८ जसमध्ये पुरुष ५२,६२९ र महिला ५२,१३९ रहेको छ। नेपालको एक महत्त्वपूर्ण पर्यटन गन्तव्यको रुपमा रहेको यस सोलुदुधकुण्ड नगरपालिकाको उत्तरतर्फ नुम्बुर हिमाल र यस हिमालको काखमा अवस्थित दुधकुण्ड पोखरी पर्दछ भने राजनीतिक विभाजनमा उत्तरतिर खुम्बु पासाङ ल्हामु गाउँपालिका, पूर्वमा काँकु, बासा र खुम्बु पासाङल्हामु गाउँपालिका, पश्चिममा लिखुपिके गाउँपालिका र रामेछाप जिल्ला तथा दक्षिणमा नेचासल्यान गाउँपालिका, खोटाङ जिल्ला र ओखलढुङ्गा जिल्ला पर्दछन्। प्रमुख पर्यटन केन्द्रको रुपमा रहेको यस जिल्लामा संसारकै उच्च सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मिटर) रहेको छ। संसारका विभिन्न देशबाट पर्यटकहरु विदा मनाउन तथा पर्वतारोहणका लागि यस क्षेत्रमा आउने गर्छन।

१.१ भौगोलिक अवस्थिति :

सीमाना

- ***पूर्व*** - काँकु, बासा र खुम्बु पासाङल्हामु गाउँपालिका
- ***पश्चिम*** - लिखुपिके गाउँपालिका, रामेछाप जिल्ला
- ***उत्तर*** - खुम्ब पासाङल्हामु गाउँपालिका
- ***दक्षिण*** - नेचासल्यान गाउँपालिका, खोटाङ जिल्ला र ओखलढुङ्गा जिल्ला
- ***भू-भौगोलिक क्षेत्र*** - पहाडी क्षेत्र र हिमाली क्षेत्र
- ***प्रमुख नदी/खोला*** - सोलुखोला, कुनीखोला, इदिङ खोला, शिसाखोला, लोदिङ खोला, घट्टे खोला चिवाङ खोप, रेन्डिलो खोला सुर्के, सुर्के खोला आदी।

१.२ राजनीतिक तथा प्रशासनिक विभाजन :

- प्रदेश नं. - १
- अञ्चल - सगरमाथा
- जिल्ला - सोलुखुम्बु
- वडा - ११ वटा वडा

१.३ जनसङ्ख्या स्थिति र क्षेत्रफल (राष्ट्रिय जनगणना २०७८अनुसार) :

- कूल सङ्ख्या - २७०१३
- पुरुष - १३७००
- महिला - १३३१३

- क्षत्रफल - ५६५.०६ वर्ग किलोमिटर

१.४ स्वास्थ्य सेवाको अवस्था :

- अस्पताल सङ्ख्या : २ (जिल्ला अस्पताल फाप्लु र वाङछु शेर्पा मेमोरियल अस्पताल, टाप्टिङ)
- स्वास्थ्य चौकी सङ्ख्या : ९ वटा (बेनी, गार्मा, तामाखानी, सल्लेरी, टाक्सिन्दु, केरुङ, गोराखानी, टाप्टिङ र तिङ्गला स्वास्थ्य चौकी)
- बर्थिंग सेन्टर : ६ वटा (जिल्ला अस्पताल फाप्लु, स्वास्थ्य चौकीहरु : टाक्सिन्दु, बेनी, गार्मा, केरुङ, गोराखानी र टाप्टिङ)
- सहरी स्वास्थ्य केन्द्र : २ वटा (रोशी जैदु सल्लेरी, च्याल्सा गार्मा)
- सामुदायिक स्वास्थ्य ईकाई : १ वटा (घुन्सा सामुदायिक स्वास्थ्य ईकाई केरुङ)
- सामुदायिक आँखा केन्द्र : १ वटा (फाप्लु)
- सामुदायिक दन्त उपचार केन्द्र : १ वटा (फाप्लु)
- गैर सरकारी संस्था बाट संचालित स्वास्थ्य संस्थाहरु : ४ वटा (सालाबेसी, फेरा, टाक्सिन्दू गुम्बा र पाताले)
- निजी दन्त उपचार केन्द्र : १ वटा (सल्लेरी)

१.५. शिक्षाको अवस्था :

- सरकारी विद्यालयको सङ्ख्या - ६४
- स्रोत केन्द्र - २
- निजी विद्यालयको सङ्ख्या - ५
- क्याम्पस सङ्ख्या - २
- आ.वि सङ्ख्या - ५४
- मा.वि. सङ्ख्या - १०

१.६ आर्थिक विकासका प्रमुख क्षेत्रहरू :

- ***प्रमुख बालीहरू*** - गहुँ, मकै, आलु आदि।
- ***प्रमुख फलफुलहरू*** - स्याउ, आरु, नासपती आदि।
- ***प्रमुख तरकारी बाली*** - काउली, केराउ, सिमी, काँक्रो, फर्सी, गाँजर, चम्सुर, पालुङ्गो, लसून, बन्दाकोभी, गोलभेडा आदि।
- ***प्रमुख जडीबुटी*** - जटामसी, सुगन्धवाला, सुगन्धकाकिला, सिलाजित, भुईझ्याउ, सर्पगन्धा, यार्सागुम्बा, पाँचऔले, चिराइतो, कुड्की, मजिठो, पदमचाल, बोझो आदि।

१.७ धार्मिक तथा पर्यटकीय क्षेत्रहरू :

- प्रमुख जात्रा - मनी रिम्डु, लाखे जात्रा, भुमेनाच आदि।
- प्रमुख हिमाल, गुफा तथा पर्वतहरू -
- पिके डाँडा, रातनाङ्गे, क्याम्जे डाँडा, सिलगुडी डाँडा, साङ्गीफुक, नुम्बुर हिमाल, दुधकुण्ड पत्ताले डाँडा, झाप्रे आदि।
- मन्दिरहरु - तामाखानी स्थित ज्वालामाई मन्दिर, सानो दुधकुण्ड तथा ठूलो दुधकुण्ड, गुप्तकाली, चांगेस्थान, बालाथान आदि।

१.८ प्रमुख पर्यटकीय स्थल :

- रातनाङ्गे डाँडा,
- चिवाङ गुम्बा,
- फाप्लु स्थित सानो दुधकुण्ड मन्दिर,
- तामाखानी स्थित ज्वालामाई मन्दिर,
- गुप्तकाली मन्दिर, ग्याम डाँडा,
- थुप्तेन छोलिङ्ग गुम्बा,
- जुनवेशी, च्याल्सा,
- फुगमोछे गुम्बा,
- संगीफुक,
- झाप्रे,
- पत्ताले डाँडा,
- पि.के डाँडा,
- गौरी टाँप आदि।

सोलुदुधकुण्ड नगरपालिकाको **१० औँ नगरसभामा प्रस्तुत**

पञ्चवर्षीय नीति तथा कार्यक्रम

२०७९-२०८४

आदरणीय सभाध्यक्षज्यू, एवम् सदस्यज्यूहरू,

यो सम्मानित सभामा आ.व.२०७९-०८० देखि आ.व.२०८३-०८४ को पञ्चवर्षीय नीति तथा कार्यक्रम एवम् आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम तथा चालु आ.व.को समिक्षा र आय-व्यय सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्न गईरहेका छौँ।

नेपाली जनताको सङ्घर्ष र आन्दोलनको बलबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ कार्यान्वयनमा आएको ६ वर्ष पूरा भइ सातौँ वर्षमा प्रवेश गरेको छ। ६ वर्षको अवधिमा नेपालमा सङ्घीयता कार्यान्वयनको सकारात्मक अभ्यासले पूर्णता पाउने क्रममा छ। तीन तहको सरकारको अवधारणाअनुसार तीनै तहका सरकारको आपसी समझदारी र सहकार्य परिपक्वता उन्मुख छ। जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले पहिलो ५ वर्षे कार्यकाल कुशलतापूर्वक पूरा गरी दोस्रो ५ वर्षे कार्यकालको खाका कोर्ने चरण सुरू भएको छ। ५ वर्षे सङ्क्रमणकालीन कार्यकालमा स्थानीय सरकारका धेरै जग खडा गर्ने कामहरू भएका छन्। देशभरिका स्थानीय सरकारहरूको समीक्षा गर्दा छिट्पुट्बाहेक जनताको वास्तविक नजिकको सरकारको रूपमा स्थानीय तहले जनउत्तरदायी कार्य सम्पादन गरेको तथ्यहरूले नै प्रमाणित गरिसकेका छन्। कोरोनाजस्ता महामारीलगायत अन्य प्राकृतिक विपद्मा जनताको जीवन रक्षा गर्ने सबालमा खेलेको जनपक्षीय भूमिका अतुलनीय छ। जनताको शारीरिक एवम् मानसिक पक्षमा खेलेको भूमिका अतुलनीय छ।

सुरूवाती वर्षहरूमा ऐन कानून र कर्मचारीको अभावमा नतिजामूलक कार्यसम्पादनमा असहजता भए पनि स्थानीय सरकार संचालन ऐन बनिसकेपछि कानूनी अन्योलता कम भएको छ। सोलुदुधकुण्ड नगरपालिकामा अघिल्लो नेतृत्वमा बनेको स्थानीय सरकारको कार्यकालमा विकास निर्माण तथा पूर्वाधारका उल्लेखनीय कामहरू भएका छन्। विकास निर्माणमा भएको प्रगति, सेवा प्रवाह एवम् स्वास्थ्य क्षेत्रमा भएको सुधार, जनमैत्री सेवा, शिक्षाको गुणस्तर अभिवृद्धिलगायतका कामहरूलाई जनताले मूल्याङ्कन गरी पुनः दोस्रो कार्यकालको लागि हाम्रै नेतृत्वमा स्थानीय सरकार माथिको विश्वसनीयता देखाएका छन्। अबको ५ वर्षे कार्यकालमा सोलुदुधकुण्ड नगरपालिकालाई विकास निर्माण, सेवा प्रवाह, सुशासन र जनताको जीवनस्तर उकास्नेलगायत कृषि, घरेलु उद्योग एवम् जलविद्युतको दृष्टिले आन्तरिक आय वृद्धिमा नेपालकै नमुना नगरपालिका निर्माणको दिशामा काम अगाडी बढ्नेछ।

आदरणीय सभाध्यक्षज्यू, एवम् सदस्यज्यूहरू,

अब हामी पाँच वर्ष आ.व.२०७९-०८० देखि आ.व.२०८३-०८४ सम्मको पञ्चवर्षीय नीति तथा कार्यक्रम तथा बजेटका प्राथमिकता तथा उद्देश्यहरू प्रस्तुत गर्न गईरहेका छौँ।

१) प्राथमिकताहरू

- कृषि उत्पादन र उत्पादकत्व बढाई आत्मनिर्भरता र व्यवसायिकतातर्फ उन्मुख गराउने
- निर्माण सम्पन्न हुन बाँकी तथा नयाँ भौतिक पूर्वाधारहरू अन्तर्गत पुल, सडक स्तरोन्नती, खानेपानी तथा ढल निर्माणका कार्यहरू सम्पन्न गर्ने,
- पर्यटन पूर्वाधार निर्माण गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकसित गर्ने,
- स्थानीय सीप र मौलिकता प्रवर्धन हुने गरी रोजगारी सिर्जना तथा प्रोत्साहन गर्ने,
- शिक्षामा अधिकतम प्रविधिको प्रयोग गरी सबैको पहुँच हुने गरी गुणस्तरीय एवम् वैकल्पिक शिक्षाको माध्यमद्वारा प्राविधिक धारको शिक्षालाई बढावा दिइ सीपमूलक जनशक्ति उत्पादन गर्ने साथै शैक्षिक संस्थाहरूको पूर्वाधार विकासमा आवश्यक सहयोग पुऱ्याउने,
- स्वास्थ्य सेवा नगरकै प्रभावकारी बनाउदै स्वस्थ्य नागरिक, समुन्नत नगर निर्माणको अवधारणा लागू गर्ने,
- नगरपालिकाकै स्वामित्वमा जलविद्युत आयोजना निर्माण गरी दिगो आन्तरिक श्रोतको सुनिश्चितता गर्ने,
- नगरको सौन्दर्यीकरण तथा उज्यालो नगर कार्यक्रमलाई अगाडि बढाइने,
- डेलिभरी गभरमेण्टको अवधारणा लागू गरी सम्भव भएसम्मका सेवा गाउँगाउँमा पुऱ्याउने, सेवा प्रवाहमा सहजता, पारदर्शी, प्रविधीमैत्री, सरल र सहज बनाउनुका साथै अनुभुति हुने गरी सम्पादन गर्ने ।

२) उद्देश्यहरू

- भौतिक पूर्वाधार निर्माणको कामलाई द्रुतगतिमा अगाडि बढाउने,
- नगरक्षेत्रका गौरवका आयोजनाहरू र प्रशासनिक भवनहरुको डिपिआर निर्माणको काम अगाडि बढाउने,
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने तथा पशुपालनको क्षेत्रलाई उच्च प्राथमिकता दिइ यस क्षेत्रको विकासमा जोड दिने,
- स्वास्थ्यको क्षेत्रमा जनतालाई प्रत्यक्ष अनुभूति हुने खालको सुधार तथा नवीन प्रविधियुक्त बनाउने,
- पर्यटन क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणको कार्यलाई अगाडि बढाउने,
- बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न उच्च प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको प्राविधिक धारको पूर्वाधार विकास गर्ने,
- युवा तथा बेरोजगारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको आवश्यकताअनुसार व्यवसायक सीपमूलक कार्यक्रम तथा सहुलियत कर्जा मार्फत रोजगार कार्यक्रमलाई प्रभावकारी रूपले कार्यान्वयन गर्ने,
- संघ, प्रदेश, विभिन्न दात्तृ निकाय तथा अन्य सरकारी एवम् गैर सरकारी सङ्घ संस्थाहरूसँगको समन्वय, सहकार्य र सम्बन्धलाई प्रभावकारी बनाउने ।

आदरणीय सभाध्यक्षज्यू एवम् सदस्यज्यूहरू,

अब हामी आगामी ५ वर्षका लागि राखिएका उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने विशिष्टिकृत, क्षेत्रगत प्रमुख नीतिहरू तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छौँ ।

३) नीति तथा कार्यक्रमहरू

- विगतमा सुरुवात भइ अधुरा रहेका आयोजनाहरूलाई समेत सम्पन्न गराउने गरी बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ,
- गरिब, दलित, अल्पसंख्यक तथा बेरोजगारहरूको सूची तयार गरी लक्षित वर्गको आर्थिक स्तर उकास्ने किसिमका समाजवाद उन्मुख कार्यक्रम लागू गर्ने । संविधानले प्रदान गरेका नागरिक अधिकारहरूको पूर्ण प्रत्याभूति हुने गरी कार्यक्रम तथा बजेट निर्माण गरिनेछ । सक्षम नागरिक र आत्मानिर्भर नगरको अभियानलाई अगाडी बढाइनेछ ।

३.१) शिक्षा

पहिलो कार्यकालमा शिक्षालाई रोजगारमुखी बनाउन नगरपालिकाको गार्मा मा.वि.लाई कृषि र पशुपालन विषय अध्ययन गर्ने विद्यालयको रूपमा विकसित गरिएको छ भने सोलुखुम्बु बहुमुखी क्याम्पसमा आई.सि.टि अध्यापनको अनुमति प्रदान गरी निकट भविष्यमै अध्ययन गराउने लक्ष्य लिईएको छ । जनप्रिय मा.वि.टाप्टिङ, सिसाखोला आ.वि.टाप्टिङ, टाक्सिन्दु मा.वि.टाक्सिन्दु, गार्मा मा.वि. गार्मा, ज.जा.मा.वि.सल्लेरी, सिंहकाली मा.वि., भिमसेनथान मा.वि.तिङला, बालेश्वर मा.वि. घुन्सा, चाँगेस्थान मा.वि., चाँगेस्थान, सेकार्सिङ आ.वि.गार्मा र बालेश्वर मा.वि.को भौतिक पूर्वाधारको निर्माण गरेको छ, नगर क्षेत्रका धेरै विद्यालयहरूमा नगरपालिकाको पहलमा ICT स्थापना गरी प्रयोगमा ल्याइएको छ, निजी पहलमा दर्जनौ ल्यापटप बितरण गरिएको छ । उक्त प्रकृतिका कार्यहरुलाई अन्य विद्यालयमा समेत विस्तार गर्दै लगिनेछ ।

आगामि ५ वर्षभित्र शिक्षा क्षेत्रमा देहाय बमोजिको कार्य सम्पन्न गरिनेछ ।

१. नगर क्षेत्रभित्रका कम्तिमा ३ वटा मा.वि.लाई पर्यटन, व्यवस्थापन, कृषि र पशुपालनको विशिष्ट शिक्षालयको रूपमा रूपान्तरण गरिनेछ,

२. गरिबका छोराछोरीहरूलाई घरदैलोमै गुणस्तरीय प्राविधिक तथा व्यवसायिक उच्च शिक्षा प्रदान गर्दै बेरोजगारी न्यूनीकरण गर्न सोलुखुम्बु बहुमुखी क्याम्पसमा हाल संचालनमा रहेका तह, सङ्काय र विषयका अतिरिक्त हिमाली हावापानी सुहाँउदो स्नातक तहको कृषि (B.Sc. Ag), कानूनको (LLB) र कक्षा ९-१२ हुँदै स्नातक तहसम्मको Computer Engineering का कार्यक्रमहरू सम्बन्धित निकायबाट सम्बन्धन प्राप्त गरी थप अध्ययनको पहल गरिनेछ, जसको लागि सोलुखुम्बु बहुमुखी क्याम्पसमा सुविधासम्पन्न भौतिक पुर्वाधार निर्माणको काम समेत अगाडी बढाइनेछ, डिजिटल कक्षाकोठा, प्राविधिक रुपमा सम्पन्न पूर्वाधारहरु निर्माण गरी सोलुखुम्बु मात्रै नभएर देशकै नमुना शिक्षण संस्थाको रुपमा विकसित गरी दक्ष जनशक्ति उत्पादन गर्नका लागि सोलुखुम्बु बहुमुखी क्याम्पसलाई ५ वर्षको अवधिमा दश करोड रकम अनुदानको रुपमा उपलब्ध गराइनेछ, उक्त रकम प्रत्येक आर्थिक वर्षमा क्रमश: विनियोजन गर्दै लगिनेछ ।

३. हरेक वडामा माध्यमिक शिक्षा अध्ययन गर्न मिल्ने गरी शिक्षालयहरूलाई विकसित गरिनेछ,

४. विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्न विभिन्न गैह्रसरकारी संघसंस्थाहरूसँग सहकार्य गरी समुचित प्रबन्ध गरिनेछ,

५. नगरपालिकाभित्रका केही विद्यालयहरू छनौट गरी कृषि तथा होटल व्यवस्थापन विषयको अध्ययन गर्न गराउन पहल गरिनेछ । विगतको ५ वर्षे कार्यकालमा कक्षा ५ को स्थानीय पाठ्यक्रम निर्माण गरी नगर क्षेत्रभित्र लागू गरिसकिएको छ भने अबको ५ वर्षभित्र कक्षा १-८ को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा लागू गरिनेछ,

६. सरकारी सामुदायिक विद्यालयमा एक शिक्षक-एक ल्यापटप कार्यक्रम अनिवार्य रूपमा लागू गरिनेछ । जसका लागि पहिलो विकल्प आर्थिक हिसाबले सक्षम शिक्षकलाई आफैँ ल्यापटप किन्न लगाइनेछ । दोस्रो विकल्पको रूपमा आर्थिक हिसावमा सक्षम नभएका शिक्षकलाई नगरपालिकाले प्रति महिना सम्बन्धित शिक्षककै तलबबाट रकम काटिने गरी ल्यापटप उपलब्ध गराइनेछ । तेस्रो विकल्पको रूपमा नगरपालिका ग्यारेण्टी बसेर सप्लायर्सबाट शिक्षककै तलबबाट किस्ता कट्टा हुने गरी ल्यापटप उपलब्ध गराइनेछ । आफ्नै लगानीमा यस अघि नै ल्यापटप किनेर प्रयोग गरिरहेका शिक्षकलाई विशेष सम्मान गरिनेछ । साथै कम्प्युटर प्रयोग सम्बन्धी तालिमको व्यवस्था नगरपालिकाद्वारा मिलाइनेछ,

७. आगामि शैक्षिक सत्रदेखि हरेक कक्षाहरूलाई प्रविधिमैत्री (Digitalized) बनाइने र उक्त कार्यका लागि हरेक कक्षा कोठामा आधुनिक प्रोजेक्टर वा स्मार्ट बोर्डको प्रयोगलाई प्राथमिकताका साथ अघाडी बढाइनेछ भने शिक्षकहरूले अनिवार्य रूपमा ल्यापटपमा पावरपोइन्ट मार्फत हरेक कक्षाको शिक्षण सामग्री तयार गरी पढाउने व्यवस्था गर्नुपर्नेछ,

८. आगामी शैक्षिक सत्रदेखि हरेक विद्यालयमा भाषा सुधारका लागि अङ्ग्रेजी माध्यमबाट पठन पाठन गराइने कार्य अघाडी बढाइनेछ । जसका लागि यही शैक्षिक सत्रदेखी हरेक विषयको पाठ्यक्रममा नेपालीलाई अङ्ग्रेजीमा रूपान्तरण गरी नेपाली-अङ्ग्रेजी समष्टीगत पाठ्यपुस्तक प्रकाशन एवम् पठनपाठनमा जोड दिइनेछ । मातृभाषामा शिक्षा दिन चाहने आधारभूत विद्यालयलाई पनि सहजीकरण गरिनेछ,

९. प्रत्येक विद्यालयको कार्यालय र कक्षाकोठामा अडियो-भिडियो सहितको सिसि क्यामेरा राखिनेछ । सोको मनिटरिङ सिधै नगरपालिकाबाट हुनेछ । नगरपालिकाले प्रत्यक्ष रूपमा कक्षा कोठाको निगरानी गर्ने प्रविधिको प्रयोगसँगै शिक्षक / विद्यार्थीको अनुपस्थित हुने दर कम हुने अपेक्षा गरीएकोछ,

१०. प्रत्येक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरी दैनिक हाजिरी अभिलेख सिधै नगरपालिकाबाट मनिटरिङ हुने सफ्टवेरको व्यवस्था क्रमश : लागू गर्दै लगिनेछ,

११. सबै सामुदायिक विद्यालयहरूमा उत्कृष्ट अध्यापन गराउने प्रधानध्यापक / शिक्षकहरुको समुचित मूल्याङ्कन गरी "टिचर अफ द मन्थ" कार्यक्रम संचालन गरिनेछ र प्रत्येक महिनाको एक जनालाई पुरस्कृत गरी नगरपालिकाको वेभसाईटमा फोटो सहित अपडेट गराई कार्यको शुभारम्भ गरिने कार्यको शुभारम्भ गरिनेछ,

१२. कोभिड १९ का कारण बालबालीकाको शिक्षामा परेको असरलाई मध्य नजर राखी वैकल्पिक शिक्षाको माध्यमवाट समेत शिक्षा दिनुपर्ने आवश्यकता रहेको हुँदा नगरपालिकाभित्रका विद्यालयहरूमा अनिवार्य इन्टरनेटको पहुँच विस्तार गरी अनलाइन सिकाइ तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिँदै लगिनेछ,

१३. विद्यालय भर्नाबाट बञ्चित बालबालीकाको पहिचान गरी सबै वडाका पदाधिकारी तथा विद्यालयहरू समेतले

विद्यालय भर्ना हुनका लागि आवश्यक वातावरण बनाउन अविभावकहरूलाई अभिप्रेरित गर्ने कार्यमा सहयोग गर्ने तथा विद्यालय बीचमा नै छाड्ने प्रवृत्तिलाई निरूत्साहित गर्नेतर्फ विद्यालय, अविभावक तथा जनप्रतिनिधि समेतको समन्वयात्मक प्रयासलाई अगाडि बढाइनेछ,

१४. विद्यालयहरूमा अतिरिक्त क्रियाकलापमा जोड दिइनेछ । हरेक प्रकारका खेलकुद, नृत्यकक्षा, वक्तृत्वकला, हाजिरीजवाफजस्ता अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ । खेलकुदबाट बालबालीकाहरूको शारीरिक र मानसिक विकास हुनुका साथै आत्मविश्वासमा समेत वृद्धि हुने भएकोले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरूसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ,

१५. विद्यालयका प्रधानाध्यापकसँग विगतमा गरिदै आएको कार्यसम्पादन करार सम्झौतालाई निरन्तरता दिइनेछ, साथै विद्यालयको पठन-पाठन अध्यामन-अध्यापन कार्यको सुपरिवेक्षण गर्न नगर शिक्षा समितिलाई सक्रिय बनाइनेछ,

१६. सूचकाङ्कका आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन गर्न कार्य सम्पादन पुरस्कार र सम्मानको कार्य अघि बढाइनेछ,

१७. प्रारम्भिक बाल विकासको लागि सङ्घीय तथा प्रदेश सरकारको सहकार्यमा गुणस्तर सुधारका कार्यहरू कार्यन्वयनमा ल्याइनेछ,

१८. अनिवार्य तथा निःशुल्क शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न आवश्यकताका आधारमा आवासीय सुविधा तथा केन्द्र सरकारको सहकार्यमा दिवाखाजाको लागि अभिभावकहरूलाई स्तरीय टिफिन वितरण गरी घरैबाट अर्गानिक र स्वस्थ्य बर्धक खाजा ल्याउने वातावरण सिर्जना गरिनेछ,

१९. विद्यालयमा स्वास्थ्य तथा सरसफाईयुक्त वातावरण निर्माण गरिनेछ, साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ,

२०. प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन गरेका शिक्षालयहरूमा थप पूर्वाधारहरूको निर्माण गरी गुणस्तरमा निरन्तर सुधार गरिनेछ,

२१. शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ,

२२. केन्द्र सरकार तथा प्रदेश सरकारको सहकार्यमा किशोरी छात्राहरूलाई नियमित रूपमा विद्यालयमा उपस्थित हुनको लागि प्रोत्साहित गरिनेछ भने कटनजस्ता स्वदेशी सामग्री प्रयोग गरी स्यानेटरी प्याड बनाउन सिकाइनेछ भने स्यानेटरी प्याड निर्माणमा अनुदान दिइनेछ साथै किशोरीहरूलाई आधुनिक प्रविधिको मिन्सुरेसन्स कप वितरण गरिने कार्य अघि बढाइनेछ,

२३. विद्यार्थीहरूको स्वास्थ्य मजबुद बनाउन खानपिनमा अधिकतम पोषण सन्तुलन मिलाउनका लागि पोषणविद्हरूको सहायताले ठाउँ ठाउँमा पोषण शिविर सञ्चालन गरिनेछ । पत्रुखाना (जङ्क फुड) लाई पूर्ण रूपमा प्रतिस्थापन गरी स्थानीय कृषि उपज (जस्तै : कोदो, मकै, फापर, उवा, गहुँ आदि) बाट खाना र दिवा खाजा व्यवस्थापनमा प्रोत्साहित गरिनेछ,

२४. माध्यमिक र निम्न माध्यमिक तहमा न्यून दरबन्दी भएका र अङ्ग्रेजी, विज्ञान तथा गणित विषयका दरबन्दी नभएका विद्यालयहरूमा विषयगत शिक्षक व्यवस्थापन गर्नका लागि थप अनुदान उपलब्ध गराउने कार्यलाई अगाडि बढाइनेछ,

२५. नेपालको संविधानको धारा ३१ र ४० ले परिकल्पना गरेको व्यवस्थाअनुसार शिक्षालाई व्यवहारिक बनाउँदै गरिब, दलित, लोपोन्मुख जाति र अपाङ्गता भएकाहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ,

२६. २६) सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट २०७५ सालमा उद्घाटन भइ सोलुखुम्बु बहुमुखी क्याम्पसद्वारा संचालन भइरहेको मेची-काली विश्व अभियानका लागि नगरपालिकाका तर्फबाट रू. १,००,००,०००।- (एक करोड) अनुदान सहयोग गर्ने प्रतिवद्धताअनुसार आ.व. २०७६/०७७ मा रू. ३०,००,०००।- र आ.व. २०७८/०७९ मा १४,२५,०००।- गरी जम्मा रू. ४४,२५,०००।- प्रदान गरिसकिएको र बाँकी रू.५५,७५,०००।-अनुदान रकम आवश्यकताअनुसार उपलब्ध गराउदै लगिनेछ,

२७. विद्यालयलाई व्यवस्थित रूपमा संचालन गर्न विद्यालय क्षेत्र सुधार योजना (SIP) अनिवार्य रूपमा कडाईका साथ लागू गरिनेछ,

२८. विद्यालयलाई राजनीतिक गतिविधिबाट टाढा राखी प्रभावकारी ढङ्गबाट विद्यालय संचालन गर्नका लागि प्र.अ., शिक्षक र व्यवस्थापन समितिलाई जिम्मेवार बनाइनेछ ।

३.२) स्वास्थ्य

१. सबै नगरबासीलाई स्वास्थ्य वीमा गराउने कामलाई पूर्णता दिइनेछ, सबै स्वास्थ्य चौकीको गुणात्मक सुधार गर्दै सेवामुखी बनाइनेछ,

२. हाम्रो पहिलो कार्यकालमा फाप्लु अस्पतालको ३० बेडको आधुनिक सुविधासम्पन्न भवन निर्माण सम्पन्न गरिसकिएको छ । अब चाँडैनै नयाँ भवनबाट गुणस्तरीय सेवा प्रवाहको वातावरण मिलाइनेछ, साथै फाप्लु अस्तपतालमा व्लड व्युरो स्थापनाको लागि पहल गरिनेछ । वडा नं. १० मा रहेको १५ वेडको वोङ्छु मेमोरियल अस्पतालको सुधार एवम् स्तरोन्नती गरी नगरबासीहरुको स्वास्थ्य र सुरक्षामा गुणस्तरीय सेवा उपलब्ध गराइने कार्यलाई निरन्तर अगाडि बढाइनेछ । केरुङ र टाक्सिन्दुलगायत अन्य स्वास्थ्य संस्थाहरुलाई निरन्तर सुधार गर्दै लगिनेछ । हरेक वडाका स्वास्थ्य चौकीमा आपतकालीन भ्याक्सिन (रेभिज र एण्टी भेनम) को व्यवस्था मिलाइनेछ,

३. ६० वर्ष नाघेकालाई निःशुल्क उपचार र ६५ वर्ष नाघेका वृद्धवृद्धा र शारीरिक रूपमा अशक्त, बालबालीका र गर्भवति महिलाहरूलाई घरघरमा पुगी नियमित मासिक स्वास्थ्य जाँचको व्यवस्थालाई निरन्तरता दिइनेछ,

४. हरेक शैक्षिक संस्थामा प्राथमिक उपचारका लागि एउटा नर्सको दरबन्दी खडा गरी जनशक्ति व्यवस्था गरिनेछ । कुपोषणको अन्त्यका लागि खाद्य सुरक्षाको प्रबन्ध गरिनेछ,

५. आकस्मिक उपचारको लागि नगरक्षेत्रमा ३ वटा एम्बुलेन्स तैनाथी अवस्थामा राखिएको छ । हरेक वडालाई एम्बुलेन्स सेवाको पहुँचमा राखिनेछ । तीन वटा एम्बुलेन्स मार्फत नगर क्षेत्रका जनताहरूलाई निःशुल्क एम्बुलेन्स सेवा दिइरहेकोमा उक्त सेवालाई आगामि वर्षहरुमा पनि निःशुल्क रूपमा नै संचालन गरिनेछ । नगरपालिकाका स्वास्थ्य संस्थामा उपचार संभव नभएर काठमाडौँ लैजानुपर्ने अवस्थाका इमरजेन्सी बिरामी तत्काल उद्दार गर्नुपर्ने र एम्बुलेन्सबाट सम्भव नहुने तथा आर्थिक अवस्था कमजोर भएका विरामीहरुलाई हेलि एम्बुलेन्स मार्फत निःशुल्क उद्दार गर्न छुट्टै कार्यविधि बनाई लागू गरिनेछ । जसका लागि हेलि एम्बुलेन्स कार्यक्रम अन्तर्गत नगरपालिकाकै पहलमा हेलिकप्टर कम्पनी र अन्य पालिकाहरूको साझेदारीमा छुट्टै स्वास्थ्य उद्दार कोषको व्यवस्था गरिनेछ ।

६. "स्वस्थ्य नागरिक-सफा र समुन्नत नगर" भन्ने मूल नाराको साथ नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ,

७. संभावीत महामारिको प्रभावलाई न्यूनीकरण गर्नको लागि र यसको सामना गर्न अक्सिजन सिलिन्डर, कन्सनट्रेटर तथा स्वास्थ्य सामग्री सहित स्वास्थ्य चौकीहरूलाई सुविधायुक्त बनाइनेछ । साथै प्रत्येक स्वास्थ्य चौकीहरूमा क्वारेन्टाइन तथा आइसोलेसन बेडसहितको कक्षहरू व्यवस्था गरिनेछ भने स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्रीहरू समेत तयारी अवस्थामा राखिनेछ,

८. सुत्केरीलाई दिइने कोशेली कार्यक्रमलाई निरन्तरता दिँदै सुत्केरीलाई नियमित स्वास्थ्य जाँच तथा उपचारको व्यवस्था मिलाइनेछ, भने रु. २ हजारको बालीका बचत खाता स्थापना गरी कार्यन्वयनमा ल्याइनेछ,

९. बालबालीका, गर्भवती महिला र अन्य बिरामीहरूको स्वास्थ्य परीक्षणका लागि प्रत्येक वडा तहमा नै दाँत, आँखा, ल्याब, ई.सि.जि., भिडियो एक्सरे सेवा सहित चिकित्सकको टोलिबाट स्वास्थ्य परीक्षणको कार्यलाई निरन्तरता दिइनेछ,

१०. गम्भीर तथा आपतकालीन अवस्थाका विपन्न विरामीहरूलाई नगरपालिकाको स्वास्थ्य उपचार कोषबाट सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ,

११. सङ्क्रमण तथा जोखिममा खटिने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र नगरप्रहरीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ,

१२. विद्यालय र स्वास्थ्य संस्थाको साझेदारीमा विद्यालयका बालबालीकाहरूको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सम्बन्धी शिक्षण कार्य सञ्चालनमा ल्याइनेछ,

१३. स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंम सेविकालाई पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ,

१४. नगरपालिकाभित्र रहेको निजी क्लिनिक र मेडिकल हलहरूबाट प्रदान गरिने सेवाहरूको गुणस्तरीयता सम्बन्धी अनुगमन नियमन गरिनेछ,

१५. स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको सङ्ख्या बढाउनका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरी मातृ तथा नवजातशिशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ,

१६. प्रजनन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन समुदायमा महिलाहरूको प्रजनन रूग्नता र समस्याहरूको पहिचान र व्यवस्थापनका लागि समुदायस्तरमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ र रिङ पेशरी सेवालाई निरन्तरता दिइनेछ,

१७. राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत सञ्चालन हुने नियमित खोप सेवालगायत आवश्यकताअनुसार कोभिड १९ को खोप अभियानलाई प्रभावकारी बनाइनेछ,

१८. नगरपालिकाको वडा नं. २ को इदिङ्ग, वडा नं. ३ को तामाखानी, वडा नं. ५ को सल्लेरी र वडा नं. ११ को तिङला स्वास्थ्य चौकीमा सुविधायुक्त भवन निर्माण गर्न सहरी विकास तथा भवन निर्माण विभागलाई आवश्यकता पहिचान गर्दै अनुरोध गरिनेछ,

१९. नगरपालिकाभित्र नीजि तथा संस्थागत क्षेत्रले सुविधायुक्त अस्पताल तथा अनुसन्धान केन्द्र खोल्न चाहेमा

नगरपालिका बाट लाग्ने कर तथा राजश्वमा छुट दिइनेछ साथै त्यस्ता संस्था र नीजि क्षेत्रलाई जग्गा प्राप्तिलगायत अन्य पूर्वाधार निर्माणको कार्यमा सहयोग माग भइ आएमा सहजीकरण गरिनेछ,

२०. नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा इन्टरनेटको व्यवस्था गरी स्वास्थ्य कर्मीहरूले विभिन्न विशेषज्ञहरूसँग प्रत्यक्ष परामर्श (Telemedicine) गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ,

२१. नागरिकको स्वास्थ्यलाई मजबुत बनाउन योग, ध्यान र आध्यात्मिक कार्यक्रमलाई प्रोत्साहन गरिनेछ,

२२. स्वास्थ्य क्षेत्रलाई राजनीतिमुक्त बनाई प्रभावकारी रूपमा विशुद्ध स्वास्थ्य सेवा प्रवाह गर्ने थलोको रुपमा विकास गरिनेछ।

३.३) महिला, बालबालीका, अपाङ्ग तथा जेष्ठ नागरिक र सामाजिक सुरक्षा

महिला

१. विपन्न तथा पछाडी परेका महिलाहरूको आयआर्जनसँग जोड्न आर्थिक सशक्तिकरण कार्यक्रम संचालन गरी आम्दानीसँग जोड्ने कार्यक्रम लागू गरिनेछ,

२. परम्परागत सीपहरू भएका महिलाहरूको तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारको माग बमोजिम व्यवसायीक शिपमूलक तालिमहरुको व्यवस्था मिलाइनेछ,

३. एकल महिलाहरूलाई व्यवसायीक सीपमूलक कार्यक्रम संचालन गरी स्वावलम्बन, आत्मनिर्भर र स्वरोजगार बन्न प्रोत्साहित गरिने कार्यक्रम तय गरिनेछ,

४. महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद विरूद्द शुन्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज छिटो र सबैका लागि पहुँच योग्य बनाउन पहल गरिनेछ,

५. लैङ्गिक तथा घरेलु हिंसामा परेका महिला तथा किशोरीहरूलाई सुरक्षित अल्पकालीन सेवाकेन्द्र मार्फत निःशुल्क कानुनी सेवा उपलब्ध गराइनेछ,

६. नगर कार्यपालिका तथा नगर सभाका महिला पदाधिकारी र सदस्यहरूको महत्त्वपूर्ण कार्यक्रम तथा अवसरहरूमा समान एवम् सामुहिक सहभागिताको सुनिश्चितता गरिनेछ।

बालबालीका

१. बालबालीकाहरूको क्षमता प्रस्फुटित गराउनका लागि बाल क्लब, बालसंजाल र किशोरी समूहहरू गठनगरी क्षमता अभिवृद्धि गर्ने खालको कार्यक्रम लागू गरिनेछ,

२. उमेर पुगेर पनि विद्यालय भर्ना नभएका बालबालीकालाई विद्यालय भर्ना गराउन पालिका समुदाय साझेदारीमा विशेष अभियान संचालन गरिनेछ,

३. बालबालीकाको मनोरन्जनको लागि उपयुक्त स्थानको छनौट गरी निजी क्षेत्रसँगको साझेदारी बाल उद्यान निर्माण गरिनेछ,

४. अनाथ, असहाय, श्रमशोषणलगायत जोखिममा परेका बालबालीकाहरूको संरक्षण,उद्दार र पुनःस्थापनाका लागि बालसंरक्षण केन्द्रहरूसँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ,

५. बालश्रम निवारणसँग सम्बन्धित कार्यक्रमहरु प्रदेश र सङ्घीय सरकारको बालश्रम निवारण सम्बन्धि रणनीति एवम् कार्यक्रमसँग समन्वय गरी अगाडी बढाइनेछ।

अपाङ्ग

१. भिन्न क्षमता र सीप भएका अपाङ्ग एवम् असहाय वर्गहरुलाई क्षमताअनुसारको काम गर्ने उपयुक्त वातावरण मिलाइनेछ,

२. अपाङ्ग र असहाय व्यक्तिहरूको समस्या र आवश्यक्ताको पहिचान गरी ह्विल चियर, वैशाखीजस्ता जीवनयापनमा सहज हुने सामग्री प्रदान गरिनेछ,

३. अपाङ्ग र असहाय व्यक्तिहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन सीपयुक्त तथा आयआर्जनसँग सम्बन्धित परियोजनालाई अनुदानमा प्राथमिकता दिइनेछ,

४. अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनलाई सहज बनाउन तथा उनीहरूको मनोबल उच्च राख्नका लागि सीपमूलक कार्यक्रम संचालन गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाउने खालका कार्यक्रमहरू संचालन गरिनेछ,

५. नगरक्षेत्र भित्र रहेका अनाथ, असहाय बालबालीकाहरुको अभिवाभकत्व ग्रहण गर्दै त्यस्ता बालबालीकाको भविष्य सूनिश्चितताका लागि विभिन्न सरोकारवाला, सरकारी एवम् गैर-सरकारी संघ संस्थाहरुसँगको समन्वय र सहकार्यलाई प्राथमिकताका साथ अगाढी बढाइनेछ,

६. नगरक्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरू निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ।

ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा

१. वृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउँदै विभिन्न बैङ्क तथा वित्तिय संस्थाहरूसँग सम्झौता गरी वडा-वडामै वितरणको व्यवस्था मिलाउन पहल गरिनेछ,

२. नगरपालिकामा निर्माणाधीन अवस्थामा रहेका वृद्धा आश्रमहरूको निर्माण कार्य सम्पन्न गरी यथाशीघ्र संचालनका लागि पहल गरिनेछ,

३. जेष्ठ नागरिकहरूसँग रहेको संस्कार, अनुभव, तथा सामाजिक व्यवहारलाई भावी युवा पुस्तामा अन्तर्क्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ,

४. दीर्घ रोग भएका वृद्धवृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरू नियमित रूपमा उपलब्ध गराउनुको साथै थप औषधिको व्यवस्था मिलाइनेछ,

५. सोलुदुधकुण्ड नगरपालिका वडा नं.४ स्थित वृद्धा आश्रमलाई व्यवस्थित रुपमा संचालनमा ल्यानमा पहल गरिनेछ,

६. सोलुदुधकुण्ड नगरपालिका वडा नं. १ मा रहेको टसिदेलेक फमिज्युखाङ वृद्धा आश्रमलाई निरन्तर रुपमा संचालनमा ल्याउनका लागि सहजिकरण गरिनेछ,

७. नेपाल सरकारले दिंदै आएको सामाजिक सुरक्षा भत्ताका अतिरिक्त ८५ वर्ष पूरा भएका वृद्धवृद्धाहरूलाई वृद्धसम्मान स्वरूप मासिक रू. १०००।- नगरपालिकाका तर्फबाट थप गरी यसै आर्थिक वर्षको प्रारम्भबाटै प्रदान गरिने गरी वजेटको व्यवस्था मिलाईएकोछ।

३.४) भौतिक पूर्वाधार विकास

सडक/पुल

यस अघिको घोषणा पत्र मार्फत गरिएको सङ्कल्प अनुरूप ५ वर्षभित्र ११ वटै वडाका टोलटोल र बस्ति बस्तिमा सडकको पहुँच विस्तार भइसकेको छ। नगरमा हाम्रै नेतृत्व बहालि भए पछि हालसम्म ३ सय ५० किलोमिटर सडकको ट्र्याक खनिएको छ भने १ सय ५० किलोमिटर सडक ग्राभेल गरिएको छ, त्यस्तै १ सय ५० किलोमिटर सडक सोलिङ गरीएको छ। जिल्लालाई लिखुपिकेसँग जोड्ने रणनीतिक महत्त्वको *टाक्टोर - लाम्जुरा* सडक खण्डको ट्र्याक खोल्ने काम सम्पन्न हुने चरणमा छ। साथै स्तरोन्नतिको काम पनि सुरू भइसकेको छ। सल्लेरीको आवाडाँडादेखि नयाँ बजारको जेरो प्वाइन्टसम्मको सडक ढलान गरिएको छ।

यसै आ.व.२०७९/०८० मा जिरो प्वाईन्ट नयाँबजार देखि दोर्पु बजार हुँदै वडा नं. ७ को वडा कार्यालयसम्म ढलान कार्यलाई क्रमश अगाडी बढाउदै लगिनेछ। *फाप्लु - टाक्सिन्दु - नुन्थला* सडक खण्ड कालोपत्रेको लागि नगरपालिकाको पहलमा RCIP मार्फत DPR तयार भइ टेण्डरको प्रकृयामा रहेको छ। अब क्रमशः अन्य सडकहरूको स्तरउन्नतिलाई प्राथमिक्ता दिइ मुख्य सडकहरूलाई कालोपत्रे गरिँदै लगिनेछ।

सोलुखोला पुल, बेनी खोला पुल, तामाखानी पुल, सोलनासा पुल, सालाबेसी पुल, हेवाखोला पुल र दिमिल खोला पुल निर्माण गरी पहिलो कार्यकालमा ७ वटा मोटरेबल पुल निर्माण गरिएको छ। वडा नं. ८ र ९ जोड्ने चट्याङघाट पुल र वडा नं. ५ को रोशी खोला पुल निर्माणको अन्तिम चरण केही हप्ता भित्रै सुचारू हुनेछ। सोलुदुधकुण्ड नगरपालिका वडा नं. १ र खुम्बुपासाङल्हमु जोड्ने जुभिङ घाटमा पक्की मोटरेबल पुल निर्माण शुरू भएको छ।

वडा कार्यालय भवन निर्माणलाई पनि तीव्रता दिइएको छ। वडा नम्बर ६, ९ र ११ मा भवन निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ। १, ४, ५, ७, ८ र १० वडाको प्रशासकीय भवन निर्माण गर्ने कार्यलाई निरन्तर रुपमा अगाडी बढाइनेछ भने वडा नं. २ र ३ को प्रशासकीय भवनको व्यवस्थीत एवम् मर्मत सम्भार गरिनेछ। यसका अलावा आगामि आ.व.मा निम्नानुसारका कार्य संचालन गरिदै लगिनेछ:

१. टोलटोलमा १२ महिनानै गाडी गुड्न सक्ने गरी सम्पूर्ण सडकहरुको स्तरवृद्धि गरिनेछ,

२. ११ वटै वडाको प्रत्येक टोल, बस्तीमा दमकल तथा एम्बुलेन्स पुग्न सक्ने गरी सडक फराकिलो पार्ने कार्यलाई नगरपालिकाको नीतिको रूपमा अवलम्बन गरिनेछ। साथै नगरपालिका भित्र ट्र्याक खोलिएको सबै वडाहरूका सडकहरूको क्रमशः स्तरोन्नती गरिदै लगिनेछ,

३. *जन्तरढाप - टाप्टिङ गोराखानी भित्ताखर्क* हुदैँ सल्लेरी च्याल्सा जलविद्युत जोड्ने सडकलाई स्तरउन्नति गर्नको लागि संघ, प्रदेश र अन्य दातृ निकायसँग आवश्यक बजेटको लागि पहल गरिनेछ,

४. ठेक्का लागिसकेको *सल्लेरी - तामाखानी - जसमाने भञ्जयाङ* हुँदै लिखुपिके जोड्ने सडक निर्माणलाई यथाशीघ्र सम्पन्न गराउन विशेष पहल गरिनेछ भने ट्र्याक खोलिसकेको सडकलाई स्तरउन्नति गरिनेछ,

५. *फाप्लु - रिङमु - टाक्सिन्दु - नुनथला* हुँदै खुम्बु पासाङ ल्हमु जोड्ने सडक मार्गको कालो पत्रेका लागि नगरपालिकाको पहलमा RCIP मार्फत एडीवीद्वारा DPR समेत तयार भइसकेकोले उक्त कार्य तत्काल अगाडी बढाउन यथाशीघ्र बोलपत्र आव्हान गर्न सम्बन्धित निकायमा ठोस पहल कदमी गरिनेछ,

६. आवाडाँडा, शिवमन्दिर, अदालत, छात्रावास र क्याम्पसहुँदै च्याल्सासम्मको सडक एवम् जिल्ला निर्वाचन कार्यालय हुँदै ज.जा.मा.वि.पुग्ने सडकको ट्र्याक ओपन सहित स्तरउन्नति गर्ने कार्यलाई अगाडी बढाइनेछ,

७. सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११ तिङला रमिते सडक, वडा नं. ८ धाप देखी टाप्टिङ सडक, वडा नं. ८ *आङपाङ - मेराङदिङ - भित्ताखर्क - सल्लेरी* सडक, वडा नं. ३ *सल्लेरी - तामाखानी - लोदिङ* सडक र *फाप्लु - जुनवेशी - मोपुङ - फुङबुचे* सडकको कालोपत्र गर्न प्रदेश र संघिय सरकारसँगको समन्वय कार्यलाई अगाडी बढाइनेछ,

८. नगरपालिकाभित्र रहेको सडकहरूको लगत कट्टा गरिने कार्यको थालनी गरिनेछ,

९. नगरभित्र रहेका प्रयोग विहिन ट्रष्ट ब्रीजहरूलाई आवश्यकताअनुसार सम्बन्धित वडाको अन्य स्थानमा स्थान्तरण गरिनेछ,

१०. वडा नं. २ को *चतुक्पा - पाकर्मा* जोड्ने झोलुङ्गे पुल, वडा नं. ४ को छुनाक्पु-चिवाङ जोड्नेटैबुकमा ट्रष्ट ब्रीज, तल्लो जोगारा भित्तेखोला जोड्ने झोलुङ्गे पुल, चाँगेटार-सिसाखोला जोड्ने ट्रष्ट ब्रीज यसै आ.व.०७९/०८० बाट कार्य संचालन गरिनेछ भने क्रमश: *कुनिखोप - टप्पुटार, चाँगेटार - माझखर्क, गार्मा*मा आवश्यकताअनुसार विविध स्थानमा ट्रष्ट ब्रीज, फताञ्जे-चैलुङ, तिङलाको झोरेनी खोलामा ट्रष्ट ब्रीजलगायतका क्षेत्रहरुमा झोलुङ्गे पुल-ट्रष्ट ब्रीज निर्माण कार्यलाई अगाडी बढाइनुका साथै वडा नं. ५ र वडा नं. ६ को सीमानामा रहेको ज.जा.मा.वि. खोलामा पुल ट्रष्ट ब्रीज निर्माण गरिनेछ,

११. प्रत्येक वडाका जनतालाई सुविधा दिने गरी विद्युतीय नगरबस सञ्चालनमा जोड दिनुका साथै सङ्घीय सरकारसँगको समन्वयमा चार्जिङ स्टेशनहरू निर्माणमा पहल गरिनेछ,

१२. नगर क्षेत्रभित्र चल्ने सवारी साधनहरूको विभिन्न सरोकारवाला निकायहरूको समन्वयमा वैज्ञानिक भाडा दररेट कायम गरी लागू गरिनेछ भने सार्वजनिक यातायातमा विद्यार्थी र लक्षित वर्गको लागि छुट गराउने व्यवस्था मिलाइनेछ,

१३. सोलुदुधकुण्ड नगरपालिका ४ स्थित निर्माणाधीन बसपार्कको काम सम्पन्न गरिनेछ,

१४. यस अघिको प्रतिबद्धता अनुरूप फाप्लु वीमानस्थललाई तारबार लगाई व्यवस्थित बनाइएको छ भने ठाउँ-ठाउँमा हेलिप्याड निर्माणको कामलाई तीव्रता दिइनेछ,

१५. पर्यटकीय महत्त्वका स्थान दुधकुण्ड, रातनाङ्गे डाँडा, सिलुगुडी डाँडा, फाप्लु, पिके डाँडा जोड्ने पर्यटन पदमार्गहरूको स्तरोन्नतिलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। साथै यी मार्गहरूलाई साईक्लिङ रूटको रूपमा विकास गर्दै लगिनेछ,

१६. नगरपालिकाको सुविधासम्पन्न प्रशासनिक भवनको निर्माण गरिनेछ, भने बजार क्षेत्रमा सभाहलसहितको बिजनेस कम्प्लेक्स निर्माणको कामलाई अगाडी बढाउन सम्भाव्यता अध्ययनको थालनी गरिनेछ।

वडा नं. १

टाक्सिन्दु - फुलेली सडकलाई केही छोटो बनाउनका लागि टाक्सिन्दु हेलीप्याड हुदै टैवुक गाउँको सडकलाई जोड्न वैकल्पिक बाटो सडकको अध्ययन गरिनेछ,

वडा नं. २

टाक्टोर - लामाजुरा हुदै लिखुपिके जोड्ने ट्र्याक ओपनको काम सम्पन्न भएकाले यो आ.व.भित्र स्तर उन्नतिको काम अगाडी बडाइनेछ,

खाम्जे - फुरत्याङ - सलुङ - रिङमु जोड्ने सडक ट्र्याक ओपन गरिनेछ। रिङमु हुदै सलुङ जोड्ने बाटो ट्र्याक ओपन कार्य अघि बढी सकेको र सो कार्यलाई सम्पन्न गर्दै जुनवेशी सम्मको ट्र्याक ओपनको कार्य अगाडि बढाइनेछ,

इदिङमा - उक्पा - सुम्जिङमा सडक ट्र्याक ओपन गरिनेछ,

सालावेशी - तुम्बुक - टाक्टोर - लामजुरा सडकको स्तरोन्नतिको काम अगाडि बढाइनेछ,

वडा नं. ३

सल्लेरी - तामाखानी - जसमाने भञ्ज्याङ हुँदै लिखुपिके गाउँपालिका जोड्ने सडक निर्माण कार्यका लागि संघ र प्रदेश अन्तर्गतका सम्बन्धित निकायमा पहल गरिनेछ,

तामाखानी - माठुङ - चारघरे जोड्ने सडक ट्र्याक ओपन गरिनेछ। साथै माठुङको बाँकी रहेको सडक स्तरोन्नति गरिनेछ,

कोर्लिङ - फलामखानी - देनाशा गुम्बा सडक ट्र्याक ओपन सहित स्तरोन्नति गरिनेछ,

लोदिङ, सोक्पा, टोम्बाचे डाँडाहुँदै शालावेशी जोड्ने सडक ट्र्याक ओपन गरिनेछ,

वडा नं. ४

दुधकुण्ड हिमालय आ.वि. विद्यालय *फाप्लु - छिनाक्पु* जोड्ने सडक स्तरोन्नती गरिनेछ,

फाप्लु - छिनाक्पु, रातनाङ्गेडाँडा हुँदै माप्य दुधकोशी गाउँपालिका जोड्ने सडक स्तरोन्नतीको लागि पहल गरिनेछ,

वडा नं. ५

सल्लेरी - रोशी जोड्ने सोलुखोलाको निर्माणाधीन मोटरेबल पुल निर्माण कार्यलाई सम्पन्न गरिनेछ,

वडा नं. ५ को रोशी गाउँमा बाँकी रहेको ट्र्याक ओपनको काम सम्पन्न गरिनेछ,

कुनिखोप हुदै गोराखानी पोखरी डाँडासम्म ट्र्याक ओपन गरिनेछ,

वडा नं. ६

दोर्पु - धुलिखेल च्याल्सा हुदै शिलगुडिसम्मको सडकको स्तरोन्नतिको लागि पहल गरिनेछ,

खोरियाबाट चकमके डाँडा हुदै कुनिखोप टप्पुटारसम्म ट्याक ओपन गरी स्तरोन्नती गरिनेछ,

वडा नं. ७

वडा नं. ११ को *वासी गाउँ - भूतछाँगा* हुदै वडा नं. ७ को तल्लो जोगारा जोड्ने सडक ट्याक ओपन गरिनेछ,

वडा नं. ८

सिकारी डाँडा - च्याङसर हुँदै चट्याङ घाटसम्मको सडकको स्तरोन्नति गरिनेछ,

सिगाने - शेर्पा टोल - गुप्ति - चिम्दिङ हुदै सिसाखोला जोड्ने सडक ट्याक ओपन गरिनेछ,

लाखोप, आङपाङ माटे, महभिर केरूङ जोड्ने सडक ट्याक ओपन गर्नुका साथै आवश्यकताअनुसार स्तरोन्नति गरिनेछ,

वागम - जन्तरधाप बीचको सडकको स्तरोन्नति गरिनेछ,

वडा नं. ८ र १० जोड्ने सिसाखोलामा RCC ढलान कल्भर्ट निर्माण गरिनेछ,

वडा नं. ८ र ९ बीचको चट्याङ घाटको मोटरेबल पुललाई सम्पन्न गरिनेछ,

वडा नं. ९

वडा नं. ९ र १० जोड्ने सिसाखोलामा RCC ढलान कल्भर्ट निर्माण गरिनेछ,

भित्ताखर्क - डाँडाखर्क हुदै गोराखानी जोड्ने सडक स्तरोन्नति गरिनेछ,

वडा नं. ९ को *छेवर - खाम्दिङ* टोल जोड्ने ट्रष्ट ब्रीज र वडा नं. ९ र १० जोड्ने फताञ्जे फेदिमा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ,

सल्लेरी - रोशी - कुनीखोप हुदै गोराखानी टाप्टीङ जोड्ने सडक ट्याक ओपन कार्य सम्पन्न गरिनेछ,

भित्ताखर्क, घुन्सा र डाँडाखर्क सडकको स्तरउन्नति गरिनेछ,

वडा नं. १०

चैलुङदेखि सोल्नाशा, *च्याङबा नागदह - सिसा*, फताञ्जे शिशा खोला, डाँडाखर्क जोड्न नयाँ ट्याक ओपन गरिनेछ,

जन्तरधाप - टाप्टिङ बीचको सडक ठाउँ ठाउँमा आवश्यकताअनुसार मर्मत गरिनेछ । साथै *लुम्सा - जुके - दिमेल र खाम्दिङ - ढिकुरे* सडक स्तरोन्नति गरिनेछ,

टाप्टिङ घट्टे खोला, लुम्सा जुके खोला, जुके दिमिल सडक नगरपालिका र स्वीस दातृ संस्थाको लागत साझेदारीमा स्तरउन्नति गरिनेछ,

वडा नं. ११

पेकनासा साल्मे जोड्ने सडक ट्याक ओपन गर्नुका साथै स्तरोन्नति गरिनेछ,

वरडाँडा हुदै दलित टोल जाने सडकको ट्र्याक ओपन गरिनेछ,

बाँकी ट्र्याक ओपन गर्न आवश्यकता रहेको टोल, वस्तीहरूमा आवश्यकताअनुसार सडक ट्र्याक ओपनको कार्य गरिनेछ,

सडक ट्र्याक ओपन भइसकेको क्षेत्रमा आवश्यकताअनुसार सडक स्तरोन्नति कार्य गरिनेछ,

रमिते जिरो प्वाइन्ट देखि नेचा सल्यानको सीमानासम्मको सडकलाई कालो पत्र गर्ने कार्यलाई पहल गरिनेछ,

बरडाँडा हुदै नेचासल्यान तर्फको सीमाना सम्मको सडक स्तर उन्नति गरिनेछ,

नगरपालिका भित्रका सबै वडाहरुमा आवश्यकताअनुसार ट्र्याक ओपन गर्ने र ट्र्याक ओपन भइ सकेका सडकहरुको स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ।

३.५) शहरी विकास

१. मुख्य बजार क्षेत्रमा निर्माण हुने घर/कार्यालय तथा व्यापारिक कम्प्लेक्सहरूलाई नगरपालिकाको मापदण्डमा रहेर मात्रै निर्माण अनुमति दिइनेछ भने व्यवस्थित शहरीकरणमा जोड दिइनेछ,

२. नगरपालिकाभित्र नयाँ घर निर्माण गर्दा सोलुखुम्बु जिल्लाको मौलिकता झल्किने खालको घरहरू बनाउने नीति अवलम्बन गरिनेछ,

३. वैज्ञानिक घर ठेगाना प्रणाली (Metric Addressing System with Straight Naming) को अवलम्बन गरी नगरपालिकाभित्रका मुख्य सडक तथा गल्लीहरूको नामाकरण र घर सङ्ख्या (House Numbering) निर्धारण गरिनेछ,

४. शहरी विकासलाई व्यवस्थित गर्न नगर सडक गुरू योजना Municipality Transport Master Plan (MTMP) परिमार्जित गरी कार्यान्वयन गरिनेछ,

५. नगर क्षेत्रको शोभा बढाउन नगरक्षेत्र भित्र रहेका दर्जनौँ मन्दिर, गुम्बा, चर्च, क्लब, गुठी भवन, सामुदायिक भवन,लगायत अन्य सामुदायिक भवनहरुको सुधार/मर्मत सम्भार गरी पाँच वर्ष भित्र व्यवस्थीत एवम् सुविधा सम्पन्न गर्ने कार्यलाई अगाडी बढाइनेछ,

६. नगरको सौन्दर्य बढाउन नगरका सडकहरूमा हरियाली कायम गर्न सडकमा बहुवर्षे फल दिने प्रजातिका बिरूवाहरू रोपिने कार्यलाई क्रमशः अगाडि बढाइनेछ,

७. सल्लेरी बजारक्षेत्रभित्र अव्यवस्थित ढङ्गले घरटहराहरूको निर्माण कार्य बढ्दै गएको र त्यसले भविष्यमा दूर्घटना निम्त्याउन सक्ने जोखिम बढेकाले त्यस्ता ठाउँलाई खुला गर्न उक्त प्रकृतिका घरजग्गा मुआब्जा दिइ अधिग्रहण गर्ने व्यवस्थालाई समन्वयात्मक तरिकाले अगाडी बढाइनेछ,

८. फाप्लु, सल्लेरी, दोर्पु बजार बीचको अव्यवस्थित टेलिफोन, इनटरनेट र विद्युतको तार र पोलहरुलाई व्यवस्थित गरी सहरको सौन्दर्यता झल्काउन विशेष कार्यक्रम संचालन गरिनेछ।

९. शहरी ईलाकाका विभिन्न सडक वा सार्वजनिक स्थानमा व्यापारिक प्रयोजनका समाग्रीहरू र निर्माण सामग्रीहरु राखी आवतजावतमा समस्या आएको हुँदा सार्वजनिक ठाउँमा उक्त सामग्रीहरु राख्न निषेध गरिनेछ,

१०. बजारोन्मुख स्थानहरूमा एकीकृत बस्ति विकास योजना तर्जुमाको लागि अध्ययन गरिनेछ।

आदरणीय सभाध्यक्षज्यू,

३.६) पर्यटन

१. विश्वको सर्वोच्च शिखर सगरमाथाको जिल्ला रहेको एक मात्र सोलुदुधकुण्ड नगरपालिकाको वडा नं. १ मा अवस्थित नुम्बुर हिमालको आरोहणको लागि अनुमति खोल्न पहल गरिनेछ। साथै यस नगरपालिकालाई थप आकर्षक र पर्यटकीय नगरको रूपमा विकसित गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ,

२. तल्लो सोलुको दुधकुण्ड क्षेत्र, पिके, पत्ताले, चाँगेस्थान, रात्नाङ्गे, सहस्रबेनीको प्रवर्धन गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकसित गरी आय आर्जनको स्रोत बढाई रोजगारी सिर्जनामा विशेष पहल गरिनेछ,

३. पर्यटकीय गन्तव्यमा रहेका धार्मिक तथा पुरातात्त्विक महत्त्व बोकेका दर्जनौँ गुम्बा र मन्दिरहरूको निर्माण तथा मर्मत कार्य अघिल्लो ५ वर्ष कार्यकालमा गरिएको छ भने बाँकी कामहरू क्रमशः गरिँदै लगिनेछ साथै गुम्बा, मन्दिर र अन्य ऐतिहासिक धरोहरको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिक्ता दिइनेछ। पूर्वको मनकामना भनेर चिनिने ज्वालामाई मन्दिरको बृहत्तर गुरूयोजना निर्माण गरी विभिन्न पूर्वाधार निर्माणको कार्य समेत सुरूवात गरिएकोछ। आगामी आ.व.हरुमा ज्वालामाई मन्दिर निर्माणले पूर्णता पाउने गरी कार्यान्वयन तय गरिनेछ,

४. नगरपालिकाको पहलमा पत्ताले बजारमा निर्माण शुरू गरिएको पर्यटन पार्कलाई चाँडै पूर्णता दिन थप पहलकदमी चालिनेछ। साथै पत्ताले बजार क्षेत्रलाई थप स्तरोन्नती गरिदैँ लगिनेछ। पत्ताले बजारलाई पर्यटन हबको रूपमा विस्तार गरिदै लगिनेछ,

५. बौद्ध तथा हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्रको रूपमा रहेको दुधकुण्ड पोखरी क्षेत्रमा सडकको सहज पहुँच विस्तार गरी धार्मिक पर्यटनको विकास गरिनेछ। धार्मिक महत्त्व बोकेको दुधकुण्ड पोखरी संरक्षणको लागि छुट्टै गुरू योजना निर्माण गरी उच्च प्राथमिकताका साथ लागू गरिनेछ,

६. गार्मामा रहेको पर्वतीय प्रतिष्ठानलाई पर्वतारोहण, पर्यटन व्यवस्थापन, होटल व्यवस्थापनलगायत विषयको अध्ययन केन्द्रको रूपमा विकास गरी देशको पर्यटनसँग सम्बन्धित महत्त्वपूर्ण अध्ययन केन्द्रको रूपमा सोलुदुधकुण्ड नगरपालिकामा रूपान्तरन गर्न पहल गरिनेछ,

७. पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँगको समन्वयमा हरेक गाउँमा होम स्टेको व्यवस्था र प्रवर्धन गरी आयमूलक व्यवसायको रूपमा विकास गर्दै लगिनेछ,

८. शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस नगरपालिकालाई नेपालको पूर्वी तराई र भारतको गर्मि छुट्टी मनाउने केन्द्रको रूपमा विकास गरिनेछ,

९. आन्तरिक तथा बाह्य पर्यकको ध्यान तान्न सोलुदुधकुण्ड वडा नम्बर ३ मा रहेको प्रसिद्ध धार्मिक स्थल लोदिङदेखि पिके डाँडासम्म केवलकार चलाउन सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाइनेछ,

१०. नगरपालिकाको उपयुक्त स्थान छनौट गरी निजी-सरकारी लागत साझेदारीमा आधारित रहेर जीपलाईन निर्माणको सम्भाव्यता अध्ययनको कार्य थालनी गरिनेछ,

११. नगरपालिकाभित्र विश्वकै अग्लो बुद्धमूर्ति निर्माणको सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाई विश्वभरिका बौद्धधर्मावलम्विको ध्यान आकर्षित गरिनेछ,

१२. शाहसीक पर्यटनको लागि रक क्लाईम्बिङ सेण्टर स्थापनाको सम्भाव्यता अगाडी बढाइनेछ भने पत्ताले, पिके, दुधकुण्ड, रातनाङ्गे-फाप्लुलाई अन्तर्राष्ट्रिय हाईअल्टिच्युड साईक्लिङ ट्रेल निर्माण गरी खुल्ला अन्तर्राष्ट्रिय प्रतियोगिता समेत संचालनमा विशेष पहल गरिनेछ,

१३. टाक्सिन्दुको फुलेलीमा रहेको भुमे संरक्षण गरी किराँत संग्रहालय निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ,

१४. नेपालको राजनीतिक ऐतिहासिक आन्दोलनको क्रममा वीरगति प्राप्त गरेका दर्जनौँ सहिदहरुको ऐतिहासिक आन्दोलनको इतिहास बोकेको सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११ स्थीत टुम्मुर बोटे पार्कको जिर्णोदार गरिने कार्यलाई अगाडी बढाइनेछ,

१५. कोभिड १९ का कारण पर्यटन क्षेत्रमा परेको प्रभावबाट उक्त क्षेत्रलाई राहत दिन तथा माथि उकास्नका लागि सरोकारवालाहरूसँग छलफल गरी प्रभावीत पर्यटन व्यवसायलाई उर्जाशिल बनाउन सङ्घीय तथा प्रदेश सरकार र पर्यटन सम्बद्ध निकाय तथा संस्थाहरूसँगको समन्वयमा विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइनेछ,

१६. यस अघि गठन गरिएको विज्ञहरू सम्मिलित पर्यटन प्रवर्द्धन समिति (Tourism Promotion Committee) लाई क्रियाशील बनाई विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ, यसका साथै दीर्घकालीन पर्यटन रणनीतिक योजना (Long term Tourism strategic plan) निर्माण गरी लागू गरिनेछ ।

३.७) खानेपानी तथा सरसफाई

१. नगरक्षेत्रभित्रका पानीका मुहानहरूको पहिचान गरी व्यवस्थित पिउने खानेपानी संचालन गरी नगरबासीलाई अबको दुई वर्षभित्र शुद्ध खानेपानीको व्यवस्था मिलाइनेछ,

२. नगरक्षेत्रमा शुद्ध पिउने पानीको मुहानहरूको संरक्षण गरी स्थानीय जनतालाई आपूर्ती गर्न बाँकी रहेको पानी प्रसोधन गरी विशाल मिनिरल वाटर प्लाण्ट स्थापना गरी उच्च हिमाली क्षेत्रको पानी देश तथा विदेशमा ब्राण्डिङ गरी निर्यातको व्यवस्था मिलाइनेछ जसको मद्दतले रोजगारी सिर्जना हुनुका साथै नगरपालिकाको आन्तरिक स्रोत पनि वृद्धि हुनेछ । निजी क्षेत्रसँगको साझेदारीमा मिनिरल वाटर प्लाण्ट स्थापनाका लागि लगानीकर्ताको खोजी गरिनेछ,

३. प्रत्येक वडाहरूमा स्वच्छ एवम् आधारभूत गुणस्तरीय खानेपानीका लागि "एक घर एक धारा" को नीतिलाई अवलम्वन गरिनेछ,

४. स्थानीय समुदायसँगको सहकार्यमा नगरभित्रका खानेपानीका स्रोतहरूको अभिलेखीकरण गरी खानेपानी मुहान संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिनेछ,

५. सदरमुकाम सल्लेरी क्षेत्रका जनतालाई शुद्ध पिउने पानी वितरण गर्ने लक्ष्यले निर्माण गरीएको टैबुक खानेपानी

आयोजना मार्फत केही महिना भित्रै सदरमुकाम क्षेत्रका घरघरमा शुद्ध पिउने पानी वितरण गरिनुका साथै जिल्ला अदालत आसपासका क्षेत्रमा ढल तथा खानेपानीको व्यवस्था मिलाइनेछ,

६. फाप्लु - सल्लेरी -दोर्पुमा वाटर ट्रिटमेण्ट प्लाण्ट सहितको ढल निर्माण कार्य शुरू गरिएको छ भने बाँकी रहेको नुनथला, जुनबेशी, पत्ताले बजारलगायतका मुख्य मुख्य स्थानमा व्यवस्थित ढलविकास योजना तत्काल सञ्चालन गरिनेछ,

७. यस अघि नै नगरपालिकालाई सिसा वोतलमुक्त नगर बनाइ सकिएको छ भने उक्त कार्यलाई निरन्तरता दिदै आगामी आ.व.मा सफा र हराभरा नगर निर्माणको अभियानलाई निरन्तरता दिइनेछ,

८. स्वच्छ, सफा नगरपालिकाको परिकल्पना अनुरुप फोहोरमैलाको दिगो व्यवस्थापनका लागि उपयुक्त विकल्पको खोजी गरिनेछ,

९. विभिन्न वडाहरूको बजारक्षेत्रमा ढल निकासको कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ,

१०. बजार क्षेत्रमा निर्माण भएका नीजि तथा व्यवसायिक भवनहरूको ढल निकासीका लागि सैफ्टी ट्याङक व्यवस्थित भए नभएको अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ भने सेफ्टी ट्याङक निर्माणलाई व्यवस्थीत एवम् अनिवार्य गरिनेछ।

३.८) फोहोरमैला वातावरण व्यवस्थापन

१. "स्वच्छ सफा हरियाली नगर" को अवधारणा लागू गर्न फोहोरमैलालाई आधुनिक प्रविधिबाट व्यवस्थापन गर्न एकीकृत स्रोत प्रशोधन केन्द्र (IRRC) स्थापनाका लागि स्रोत परिचालन तथा सहकार्यको कार्यलाई निरन्तरता दिइनेछ,

२. मुख्य बजार क्षेत्र (Core Market Area) को सरसफाई एवम् सुन्दरता अभिवृद्धिका लागि नगरभित्रका सडक तथा बजारमा जडित तार तथा पोलहरूलाई व्यवस्थित गर्न तार भूमिगत गर्ने कार्यलाई निरन्तरता दिइनेछ र टोल सुधार समितिहरूको गठन एवम् पुनर्गठन गरी ती समितिहरूसँगको सहकार्यमा टोललाई व्यवस्थित गर्ने गरी सरसफाईका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ,

३. यस अघि खडा गरिएको फोहोरमैला व्यवस्थापन कोषलाई निरन्तरता दिइ सञ्चालन गरिनेछ साथै फोहोरमैला स्रोतमानै न्यूनीकरण गर्ने कार्य अगाडी बढाइनेछ,

४. महिलाहरूको लागि पुनःप्रयोग गर्न सकिने कपडाको स्यानिटरीप्याड र बच्चाहरूको लागि कटन डायपरको प्रयोगलाई प्रोत्साहन गरिने कार्यलाइ निरन्तरता दिइनेछ भने सेनिटरी प्याड तथा डाइपरको वितरणका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम व्यवस्था भएको समिति मार्फत वितरण गरिने व्यवस्था मिलाई वातावरण संरक्षणमा विशेष पहल गरिनेछ,

५. नगर क्षेत्रमा प्लाष्टिकजन्य पदार्थको प्रयोगका लागि यस अघि नै वर्जित गरिएकोमा फाटफुट रूपमा प्लाष्टिकको झोला प्रयोग गरिएको पाईएकोले यस्ता कार्यलाई पूर्ण रूपमा प्रतिवन्ध गर्दै कपडाको झोला प्रयोगका लागि प्रोत्साहन गरिनेछ,

६. व्यवसायिक रूपमा स्थापना गरिएका पशुपंक्षी जन्य खोरहरूबाट निस्कने फोहर मैलाबाट फैलन सक्ने दुर्गन्धबाट नगरपालिकाको वातावरण प्रदुषणबाट बच्न त्यस्ता खोरहरू फाप्लु, सल्लेरी, दोर्पुबजार क्षेत्रमा निषेध गरिनेछ भने अन्य सडक तथा बस्तीहरूबाट कम्तिमा ५०० मिटर टाढा राख्ने नीति अवलम्वन गरिनेछ,

७. पात्तले, रमिते, जोर बौद्ध, फाप्लु, सल्लरी, नयाँ बजार, गौरी टाँप, नुनथलाको शक्ति देवि मन्दिरलगायतको मुख्य मुख्य बजार क्षेत्रका ठाउँठाउँमा सार्बजनिक शौचालय निर्माण गरी वातावरण संरक्षणमा विजोड पहल गरिनेछ,

८. बजार क्षेत्रको सुन्दरता बढाउन फाप्लुदेखि सल्लेरी बजार क्षेत्रमा रहेका ग्यारेजहरू फाप्लु, सल्लेरी र दोर्पुबजारभन्दा बाहिर संचालन गर्ने व्यवस्था मिलाइनेछ,

९. फोहोरमैला एवम् वातावरण संरक्षणमा जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ,

३.९) विपद् व्यवस्थापन

हावा, पानी, माटो, घाम र आकाश गरी पाँच वटा तत्वको असन्तुलनले नै प्राकृतिक विपत्ति निम्त्याउने गर्छ। विपत्तिलाई कसैले टार्न नसके पनि यसको रोकथाम तथा संभावीत क्षतिको न्यूनीकरण एवम् सतर्कताका लागि तपसिल बमोजिमको नीति अवलम्बन गरिनेछ:-

१. यस अघि पालिकाका कुन-कुन स्थानमा के-कस्ता प्राकृतिक विपद् आए भन्ने कुराको यकिन अभिलेख सङ्कलन गरिनेछ,

२. ठाउँअनुसारको संभावीत प्राकृतिक विपद्लाई मध्यनजर गरी विपद्ग्रस्त ठाउँहरूमा जनताले चिन्ने गरी विभिन्न सङ्केत चिन्हहरू खडा गरिनेछ,

३. विपद् सम्बन्धि पूर्व सूचना दिने पुराना तथा नयाँ प्रविधि (साईरन, सिसि क्यामेरा आदि) को अधिकतम प्रयोग गर्न प्रयास गरिनेछ,

४. विपद् पछि जनजीवनलाई सामान्य बनाउन तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्यबारे बालबालीका, महिला, ज्येष्ठ नागरिकलाई तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू संचालन गरिनेछ,

५. विभिन्न विपद्हरूको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश, सङ्घीय सरकारका निकाय तथा गैर-सरकारी संघ-संस्थासँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ,

६. विपद्मा परेका व्यक्ति,परिवारलाई राहत दिन स्थापना भएको विपद् जोखिम व्यवस्थापन कोषलाई वृद्धि गरिदै लगिनेछ, साथै विपद्मा परेका नगरबासीहरूलाई राहत दिन राहत सामग्रीहरूको भण्डारण गरी तत्कालै उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाइनेछ,

७. जोखिम युक्त स्थलहरूको पहिचान गरी विपद्का बेला राहत र उद्दारका लागि खुला क्षेत्र (Open Space) समेतको पहिचान गरी जोखिम न्यूनीकरणका कार्यहरू कार्यान्वयन गरिदै लगिनेछ,

८. नगर प्रहरीहरूलाई विपद् व्यवस्थापन तथा उद्दार सम्बन्धी तालिमको व्यवस्था गर्नुका साथै नगरपालिका अन्तर्गत रहेको एम्बुलेन्स, दमकललगायत अन्य सवारी साधनलाई प्रभावकारी ढङ्गबाट विपद् व्यवस्थापन र उद्दारका

लागि परिचालन गरिनेछ,

९. नगर क्षेत्रमा रहेका क्याम्पस तथा विद्यालयका युवा युवति तथा किशोर किशोरीहरूलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम दिएर स्वयंसेवी दस्ताको रूपमा तयार गरिनेछ,

१०. नगर विपद् व्यवस्थापन कार्य योजना तय गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी, नागरिक समाज, नेपाल रेडक्रसलगायत अन्य सेवा-संस्थासँगको समन्वयात्मक कार्यको जोड दिइनेछ।

३.१०) कृषि तथा पशुपालन

१. नगरपालिका भित्रका खेतियोग्य जमिनको अवस्थाबारे विवरण तयार गरी कुन जमिनमा कस्तो नगदेबाली लगाउन सकिने हो सो सम्बन्धमा वैज्ञानिक तथ्य साथ किसानलाई सिफारिस गरिनेछ,

२. नगदेबालीको विशिष्टिकरण गरी प्रत्येक नगदेबाली समूह गठन गरी उक्त बाली बारे कृषकहरूलाई जानकारीमूलक तालिम दिइ तीन वर्षभित्र मध्यमस्तरीय कृषि जनशक्ति तयार गरिनेछ,

३. स्थानीय कृषि उत्पादन वृद्धि/वैज्ञानिक कर प्रणालीद्वारा कृषि उपज र पशुजन्य आयातलाई क्रमशः न्यूनीकरण र स्थानीय आत्मानिर्भर कृषितर्फ पालिकालाई अग्रसर गराइनेछ,

४. नगरपालिकाभित्र कृषि उत्पादन वृद्धि गर्न बाँझो जमिनको लगत तयार गरी निजी क्षेत्रलाई लिजमा दिएर खेति गर्नका लागि विशेष कृषि अनुदान कार्यक्रम ल्याइनेछ,

५. नगरपालिकामा स्याउ, किवि, ओखर, आलुलगायतका क्षेत्रमा अनुदान दिनका लागि एशियाली विकास बैङ्कसँग समझदारी भइसकेकाले अबदेखि उक्त बालीहरूको खेतीका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराइने प्रकृया अगाडि बढाइनेछ,

६. कृषकहरूलाई कृषि अनुदानको समुचित प्रबन्ध गर्दै बहुमूल्य जडिबुटि खेतिलाई प्रोत्साहन गरिनेछ,

७. कृषि बालीमा लाग्ने रोग किराहरूको रोकथाम तथा निदान र पशुचौपायाहरूमा लाग्ने रोगहरूको उपचारका लागि टोलटोलमा कृषि जेटिए र पशु चिकित्सकको व्यवस्था मिलाइनेछ,

८. कृषिमा व्यवसायिक र आत्मानिर्भर बनाउन किवि, ओखर, स्याउजस्ता बहुवर्षीय नगदेबालीमा अनुदान दिइ खेति हुने स्थानमा भण्डारणको लागि चिस्यान केन्द्र स्थापना गरी बजारीकणको सहजीकरण समेत नगरपालिकाले पहल गरिनेछ,

९. नगरक्षेत्रमा कृषि पेशामा उत्कृष्ट काम गर्ने कृषकहरूलाई तालिम र प्रोत्साहनको व्यवस्था गरिनेछ। वर्षको अन्त्यमा हरेक वडाका २-२ जना गरी २२ जना उत्कृष्ट कृषकहरूलाई नगर कृषि सम्मानले पुरस्कृत गरिनेछ,

१०. कृषि उपजको विक्रीका लागि सल्लेरीको नयाँ बजारलाई व्यवस्थित कृषि बजार निर्माणको लागि यस अगाडि बनाइएको DPRअनुसार पूर्व निर्माणको काम अगाडि बढाइनेछ भने तिङ्ला कृषि हाट बजार निर्माणको काम पनि तत्काल अगाडी बढाइनेछ,

११. नगरपालिकाको पहलमा नगर क्षेत्रमा ११ वटा माछा फार्म संचालनमा रहेका छन् भने चौरी संरक्षण, बाख्रापालन र कुखुरा पालनमा नगरपालिकाले अनुदान उपलब्ध गराईरहेको छ। केरूङको चिम्दिङ र च्याङसरमा Smart

Climate Village Agriculture Program लागू गरिसकेको छ यस सम्बन्धी अन्य क्षेत्रमा पनि कार्य अगाडि बढाइनेछ,

१२. वर्षेनी हुने दैवी प्रकोपबाट किसानका बाली तथा पशुधनहरू समय समयमा नोक्सान भइ आर्थिक रूपमा कृषकहरूले ठूलो क्षति व्यहोरी रहेकोले विभिन्न वीमा कम्पनीहरूसँग समन्वय गरी कृषि बाली वीमा तथा पशु वीमा गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ,

१३. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, कृषि क्षेत्रमा रोजगार बढाउन आवश्यक रकम विनियोजन गरी परिचालित गरिनेछ,

१४. अर्गानिक कृषि उत्पादनको लागि कृषकहरूलाई प्रोत्साहित गरिनेछ,

१५. पशुपालन तथा दुग्ध उत्पादन व्यवसायलाई प्रोत्साहन गर्न नगरपालिकाको वडा नं. ११ तिङ्लामा दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र (Milk Processing Centre) स्थापनाको कार्य सम्पन्न गर्ने कार्यलाइ निरन्तरता दिइनेछ,

१६. नगरपालिका क्षेत्र भित्र लोप हुन लागेका याक,नाक र चौरीहरूको संरक्षण गर्न व्यवसायिहरूको लागि याक,नाक र चौरी संरक्षण र प्रवर्धन गर्ने कार्यक्रम ल्याइनेछ,

१७. नगर क्षेत्रभित्र लोप हुन लागेका स्याउ खेती प्रवर्धन गर्नका लागि स्याउ जोन संचालन गरी कृषकहरूलाई अनुदानको सुनिश्चितता गरिनेछ, भने साना कृषक तथा कृषी फर्महरूलाई विशेष पकेट क्षेत्र कार्यक्रम ल्याइनेछ,

१८. वडा नं. ८ र ९ मा स्याउ र ओखरको जोन बनाइनेछ भने अन्य क्षेत्रमा सम्भाव्यताअनुसार स्याउ र ओखरको पकेट कार्यक्रम ल्याइनेछ। वडा नं. ८,९,१० र ११ मा आलु जोन कार्यक्रम ल्याइनेछ भने सोलुदुधकुण्ड नगरभरि किवि जोनको विस्तार गरिनेछ,

१९. सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११ मा तरकारी व्लक, चिया र कफि खेति विस्तार गरिनेछ,

२०. सोलुदुधकुण्ड नगरपालिकामा कृषकको माग र आवश्यकताअनुसार कृषकहरूलाई प्लाष्टिक टनेल वितरण गरिनेछ। साथै उन्नत जातको बिउ बितरण गरिनेछ,

२१. परम्परागत कृषिलाई यान्त्रीकरण गरी व्यवसायिक बनाउन विभिन्न वडाहरूमा लागत साँझेदारीमा आधारित हाते ट्र्याक्टर, गहुँ कुट्ने मेसिन र मकै छोड्याने मेसिन वितरण गर्ने कार्यक्रम ल्याइनेछ,

२२. नगर क्षेत्रभित्र ओखरको माग बढी रहेको हुँदा ओखर खेती प्रवर्धन गर्नका लागि विशेष पकेट क्षेत्र कार्यक्रम ल्याइनेछ,

२३. नगर क्षेत्रलाई विषादीमुक्त क्षेत्र बनाउनका लागि बालीनालीमा कृषकहरूले प्रयोग गर्ने रसायनिक मल, किटनाशक औषधिहरूको प्रयोगलाई निरूत्साहित गरिनेछ भने जैविक विषादी / वानस्पतिक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ,

२४. नगर क्षेत्रभित्र कृषकहरूलाई सङ्गठित गरी आय आर्जन मूलक कृषि कार्यक्रम संचालन गर्न कृषि समूह/ सहकारीहरू गठन गरी सोही मार्फत अनुदान वितरणको व्यवस्था मिलाइनेछ,

२५. ग्रामिण भेगका वडामा उत्पादन हुने किबीलगायतका फलफूल तथा तरकारीहरूको सुरक्षित भण्डारणमा सहयोग पुऱ्याउन कृषि समूह (कृषि क्लब) का सहकार्यमा साना आकारका प्राकृतिक शीतभण्डार (Cold Store) निर्माणको लागि प्रोत्साहन गरिनेछ,

२६. पशुजन्य उत्पादन वृद्धिका लागि नश्ल सुधार गर्न कृतिम गर्भाधान तथा उन्नत जातका भाले पशुहरू बितरण गरी

पशु प्रजनन् गराउने व्यवस्था मिलाइनेछ,

२७. पशुपालनमा लाग्ने लागत कम गरी उत्पादकत्व वृद्धि गर्नको लागि चरन क्षेत्र सुधार, हिउँदे घाँस (जै) को बिउ बितरण तथा स्थानीय स्तरमा नै बिउ उत्पादन गर्न पशुपालक कृषकहरूलाइ प्रोत्साहन गरिनेछ,

२८. कृषि तथा पशुपालन व्यवसायलाई प्रतिस्पर्धात्मक र उत्पादनमूलक बनाउनको लागि विभिन्न प्रदर्शनी तथा प्रतियोगिताहरू संचालन गरिनेछ,

२९. कृषकको क्षमता अभिवृद्धिको लागि नगरस्तर तथा प्रदेशस्तरको तालिम केन्द्रसँग समन्वय गरी विभिन्न तालिम तथा गोष्ठीहरू संचालन गरिनेछ,

३०. स्वस्थ्य पशु, स्वस्थ्य पशुजन्य पदार्थ उत्पादन र प्राङ्गारिक मल निर्माणका लागि गोठ सुधार कार्यक्रमहरू संचालन गरिनेछ। पशुरोग नियन्त्रण गर्न आवश्यक औषधी नगरपालिकाले उपलब्ध गराउनेछ,

३१. स्थानीय कृषि उत्पादनलाई बढावा दिन कृषकहरूलाई अनुदानको व्यवस्था गर्न जिल्ला बाहिरबाट आयात हुने तरकारी तथा फलफुलमा स्थानीय कर लागू गरिनेछ साथै उठेको उक्त करमा नगरपालिकाले सत प्रतिशत थप गरी स्थानीय कृषकहरुलाई वितरण गरी प्रोत्साहीत गर्ने कार्यक्रम अगाडि बढाइनेछ।

३.११) ऊर्जा तथा सिँचाइ

१. नगर क्षेत्रमा निर्माण सुरू भएका ठूला जलविद्युत आयोजनाको कामलाई निर्धारित समयमै सम्पन्न गराउनका लागि उपयुक्त वातावरण सिर्जना गरी चाँडै विद्युत रोयल्टी प्राप्त गर्ने अवस्था सिर्जना गरिनेछ,

२. नगरपालिकाका अधिकांश क्षेत्रमा राष्ट्रिय प्रसारण लाईनको पहुँच विस्तार हाम्रो पहिलो कार्यकालमा भइसेकोकोले यथाशीघ्र हरेक घरघरमा ग्रामिण विद्युतीकरण संजाल विस्तार गरी २४ सै घण्टा घरघरमा विजुली बल्ने उज्यालो नगर घोषणा गरिनेछ,

३. फेरा, चारघरे, थुम्लिङ कुनिखोप र साल्मेमा नगरपालिकाको लगानीमा सल्लेरी च्याल्सा जलविद्युत आयोजनाको बिजुली विस्तार गरिएको छ भने नेपाल विद्युत प्राधिकरणको ग्रामिण विद्युतीकरण परियोजना अन्तर्गत केरूङ, गोरा, टाप्टिङ र तिङ्लाका सबै स्थानमा राष्ट्रिय प्रसारण लाईन पुगिसेको छ। बाँकी स्थानमा छ महिना भित्र विद्युतको पहुँच विस्तार गरिनेछ। साथै सल्लेरी च्याल्सा विद्युत कम्पनी र नेपाल विद्युत प्राधिकरणको शुल्कमा एकरुपता कायम गर्न पहल गरिनेछ,

४. मुख्य ब्यापारिक केन्द्र सल्लेरी-फाप्लु र पत्ताले क्षेत्रका सडकहरूमा राखिएको सौर्य वत्ति र विद्युतीय सडक बत्तिलाई थप विस्तार गरिनेछ,

५. हाल निर्माणाधीन र निर्माण हुने जलविद्युत आयोजनामा जनताको अपनत्वको सुनिश्चितता गर्न सबैलाई शेयर उपलब्ध गराई जनतालाई जलविद्युतको स्वामित्व दिलाइनेछ साथै सामाजिक उत्तरदायित्वको कार्यलाई पारदर्शी तरिकाले अगाडी बढाइनेछ। जलविद्युत आयोजनाबाट अतिप्रभावीत क्षेत्रका नागरिकलाई अधिकतम शेयर उपलब्ध गराउन पहल गरी आवश्यक्ताअनुसार सुरक्षित स्थानान्तरणको उचित व्यवस्था मिलाउन पहल गरिनेछ,

६. नगरपालिकाको आत्मानिर्भरताको लागि आन्तरिक स्रोत बढाउन सिसाखोला क्षेत्रमा ३.५ मेगावाटको जलविद्युत

आयोजना सरकारी-निजी लागत साझेदारीमा निर्माण गर्न अध्ययन गरिनेछ भने नगरपालिकाका नागरिकलाई उक्त जलविद्युत आयोजनाको समित्व दिलाई दिगो आन्तरिक स्रोतको व्यवस्थापन गरिनेछ,

७. नगरका नागरिकको चुल्होमा धुँवा र ग्याँसमुक्त गरी जनताको स्वास्थ्य र वातावरणलाई अनुकुलन हुने गरी ११ नम्बर वडा तिङ्लामा जस्तै अन्य वडामा पनि एक घर एक विद्युतीय चुल्हो वितरणको व्यवस्था मिलाइनेछ,

८. सोलुदुधकुण्ड नगरपालिका वडा नं. २ जुनवेसीमा निर्माणाधीन २५० किलोवाट लघुजलविद्युत यसै आ.व.मा सम्पन्न गरी संचालनमा ल्याइनेछ। यसबाट सोही वडाको जुनवेसी, टाक्टोर, तुम्बुक, सालावेशी र खाम्जेनाजिङ क्षेत्रका बासिन्दाहरूले लामो समयदेखि खेप्दै आएको विद्युतको समस्या हल हुने अपेक्षाका साथ उक्त कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ,

९. गरिब तथा विपन्न परिवारलाई अवस्था हेरेर छुट्टै कार्यविधि बनाइ निश्चित युनिटसम्म निःशुल्क बत्ति बाल्ने व्यवस्था गरिनेछ,

१०. ५ वर्षभित्र नगरक्षेत्रका सम्पूर्ण ठाउँमा विद्युत पुऱ्याउने र विद्युतीय चुलो वितरण गरी प्रयोगमा ल्याउन प्रोत्साहन गरिनेछ,

११. कृषि पकेट क्षेत्रको जमिनमा सिंचाई सुविधा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। सिंचाइ प्रणालीको छनौट गर्दा यथासम्भव सवै वडा समेटिने, बाली विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने खालका सिंचाइ प्रणाली छनौट गरिनेछ।

३.१२) राजश्व तथा कर प्रशासन

१. करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिंदै नगरक्षेत्र भित्रका सबै खाले व्यवसायलाई करको दायरामा ल्याइनेछ। करको दायरा बढाउन जनचेतनामूलक र रणनैतिक कार्यक्रम तर्जुमा गरिनेछ,

२. नगरक्षेत्र भित्र सञ्चालित जलविद्युत आयोजना, खानी जन्य तथा क्रसर उद्योगहरू सञ्चालनको छुट्टै मापदण्ड बनाई नगरपालिकाको दिगो आम्दानीको श्रोतको रूपमा विकास गरिनेछ,

३. राजश्व सङ्कलन कार्यलाई प्रविधि मैत्री वनाइनेछ,

४. स्थानीय करको दायरा र दर निर्धारण गर्दा सरोकारवाला निकाय र व्यक्तिको उचित राय, परामर्श लिनुका साथै कर प्रभावकारी उक्त पारदर्शी, विश्वसनीय र प्रविधिमैत्री बनाइनेछ।

३.१३) नगर प्रहरी

१. शान्ति, सुव्यवस्था, विकास निर्माण, विपद्मा राहत तथा उद्दार, सरसफाई, पर्यटन प्रवर्धन तथा सेवा प्रवाहलाई सहज बनाउन नगर प्रहरीको प्रभावकारी परिचालन गरी कार्यसम्पादनका आधारमा प्रोत्साहन एवम् कारवाही तथा करार संझौता आवश्यक्ता आधारमा नवीकरण गरिने नीति अवलम्वन गरिनेछ,

२. नगर प्रहरीहरूलाई व्यारेक प्रणालीमा राखी प्रभावकारी रूपमा परिचालन गरिनेछ,

३. नगर प्रहरीको मनोवल उच्च राख्न नगर प्रहरी सम्बन्धि नगर प्रहरी संचालन सम्बन्धी छुट्टै कार्यविधि तय गरिनेछ।

३.१४) सूचना, सञ्चार तथा प्रविधि

१. हाम्रो पहिलो कार्यकालमै पूर्व प्रतिबद्धता अनुरूप नगरक्षेत्रमा ५ वटाभन्दा बढी टेलिकमको टावरहरू निर्माण सम्पन्न गरी नगरपालिकाका कुना कुनामा मोबाईल र टेलिफोन नेटवर्क सहज रूपमा पुऱ्याईएकोछ। टेलिकमको सेवा प्रभावकारी बनाउन निरन्तरको पहल पछि सदरमुकाम सल्लेरीसम्म अप्टिकल फाईबर बिच्छयाउने काम सम्पन्न भएको छ। टेलिकम नेटवर्क नपुगेका कुनिखोप, लोदिङलगायतका स्थानमा यथाशीघ्र टावर निर्माण गरी 4G ईन्टरनेट सेवा सहितको नेटवर्क विस्तार गरिने कार्यलाई पहल गरिनेछ,

२. हरेक वडा केन्द्र र सार्वजनिक स्थानहरूमा फ्रि वाईफाई जोन बनाउन पहल गरिनेछ,

३. नगरपालिकाबाट सम्पादन हुने काम वडाबाटै हुने गरी अनलाईन प्रणालिबाट सबै सेवा वडाबाटै प्रदान गरिनेछ,

४. नगरपालिका भित्रका सबै विद्यालय, स्वास्थ्य चौकी र प्रहरी युनिटहरूमा द्रूत गतिको ब्रोडब्याण्ड ईन्टरनेटको व्यवस्था गरिनेछ,जसका लागि आवश्यक बजेट छुट्याइनेछ,

५. नगरपालिकाभित्र संचार माध्यमको प्रभावकारी र दिगो विकासका लागि एफ.एम. रेडियो र पत्रपत्रिकाको ईजाजत जारी गर्ने छुट्टै व्यवस्था गरिनेछ,

६. हाल सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आत्मानिर्भर र समृद्ध बनाउन विशेष प्याकेज सञ्चालन गरिनेछ,

७. नगरक्षेत्रका सञ्चारकर्मी र पत्रकारको व्यवसायिक विकास र दक्षता अभिवृद्धिका लागि विशेष तालिमहरू सञ्चालन गरिनेछ,

८. नगरक्षेत्रभित्र संचारको दिगो पहुँच स्थापित गर्न नेपाल टेलिकमसँगको समन्वयमा हरेक वडामा अप्टिकल फाईबर विस्तारको कार्यलाई अगाडी बढाइनेछ,

९. जनतालाई सूचनाको सहज पहुँच पुर्याउन सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ,

१०. जिल्लामा संचालित संचारमाध्यमहरूको दिगो संचालन गर्नका लागि नगरपालिकाका गतिविधिलाई प्रवर्धन गर्ने संचारमाध्यमहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइनेछ,

११. नगरपालिका क्षेत्रभित्र वितरण गरीएको नेपाल टेलिकमलगायत अन्य इन्टरनेट सेवा प्रदायकहरूले विस्तार गरेको तारहरूको कारणले नगरको सुन्दरतामा नकरात्मक प्रभाव परेको तथा अन्य दूर्घटना समेत हुन सक्ने सम्भावनालाई मध्यनजर राखी उक्त तारहरूलाई भूमिगत गराउनका लागि सम्बन्धित निकायहरूलाई आवश्यक व्यवस्था गर्न लगाइनेछ,

१२. नगरपालिकाको सेवा सुविधा, सुशासनका कार्य एवम् विकास निर्माणका कार्यहरुलाई प्रविधिमैत्री बनाइनेछ।

३.१५) वन तथा वातावरण

१. नगरपालिकाका सबै सामुदायिक वनमा बैज्ञानिक वन व्यवस्थापन योजना सञ्चालन गरिनेछ । पुराना तथा बढि आयु भएका रूखहरूको लिलाम बिक्रीको समुचित व्यवस्था गरी नाङ्गो ठाउँहरूमा ब्यापक मात्रामा बृक्षारोपण गरी यस नगरलाई हराभरा नगरपालिकाको रूपमा पहिचान दिलाइनेछ । जसले पर्याय पर्यटनको विकासमा ठोस योगदान पुग्नेछ,

२. प्रदेश तथा संघिय सरकारको समन्वयमा कबुलियति वन विकास कार्यक्रम लागू गरी गरीबि हटाउन तथा आर्थिक गतिविधि बढाउन उपयोग गरिनेछ,

३. लोप हुन लागेका बन्यजन्तु तथा चराचुरूङ्गिको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालिको सन्तुलनका लागि छुट्टै विशेष कार्यक्रम सञ्चालन गरिनेछ,

४. नगरपालिकाका कम्तिमा दुई वटा स्थानमा ईको पार्क, चिलड्रेन पार्क र पिकनिक स्थलको विकासको कार्य अगाडी बढाइनेछ,

५. ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न गरीएका खोलाहरूबाट मात्र खोलाजन्य पदार्थ सङ्कलन गर्न सहमति दिने साथै प्रतिवेदनमा सिफारिस भएका सुझावहरू पालना भए नभएकाको प्रभावकारी अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ,

६. नगरक्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE/EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावलीले दिएको क्षेत्राधिकारभित्र रही आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ,

७. जलवायु परिवर्तन अनुकूलन कार्यक्रम तथा नवीकरणीय ऊर्जाको उत्पादन र प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू निजी तथा गैर-सरकारी क्षेत्रको संलग्लनतामा सञ्चालन गरिनेछ,

८. नगरपालिकाले यस अघि अगाडी सारिएको "Clean and Green Municipality" अभियानलाई निरन्तरता दिँदै फाप्लुदेखि सल्लेरी - दोर्पुसम्म वृक्षारोपन कार्यलाई प्रोत्साहन गरी, वातावरण संरक्षण क्षेत्रका सरकारी - निजी साझेदारी कार्यक्रममा जोड दिइनेछ ।

९. नगरक्षेत्र भित्र विभिन्न हाइड्रो डेभ्लोपर्सहरुले नगरपालिकासँग समन्वय नगरि जथाभावी ढङ्गले नगरको सुन्दरालाई कुरुप हुने गरी र नगरको वस्ती र भूगोलहरुमा क्षति पुग्ने गरी आफ्नो ढङ्गले हाइड्रो निर्माण गर्ने क्रम बढेको हुँदा यस्ता हाइड्रोहरुको निर्माणमा रोक लगाउने साथै जथाभावी हाईटेन्सनको टावर बनाउने र तार टाग्ने कामलाई रोक लगाउन आवश्यक पहल कदमि लिइनेछ ।

१०. जिल्ला वन कार्यालय र सामुदायिक वनहरुलाई हाईड्रो डेभलोपर्सहरुले प्रभावमा पारि स्थानीय तहलाई कुनै जानकारी नै नदिई वन क्षेत्रहरु र खोला नाला प्रयोग गर्नाले प्राकृतिक जोखिम बढेकोले उप्रान्त स्थानीय तहको सहमतिमा मात्रै यी क्षेत्रमा काम गर्ने व्यवस्था मिलाइनेछ ।

३.१६) रोजगारी

१. वर्षमा कम्तिमा ५०० जना युवाहरुलाई कुक, वेटर,प्लमबीङ, हाउस-वाईरिङ,बेकरी,बारिष्ठा, टुरिष्ट गाईडलगायत कृषि र निर्माण क्षेत्रमा व्यवसायिक सीपमूलक तालिम मार्फत रोजगार एवम् स्वरोजगार दिलाई नगरपालिकामा रहेको बेरोजगारी सङ्ख्या न्यूनिकरण गर्न व्यवसायिक सीपमूलक तालिमको व्यवस्थापन गर्नका साथै तालीम प्रदायिक संस्थासँगको सहकार्य र समन्वयमा समेत विशेष जोड दिने नीति अवलम्बन गरिनेछ,

२. नगरपालिका भित्रका बेरोजगारहरूको तथ्याङ्क सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ र नगरपालिका भित्र संचालित साना तथा ठूला परियोजनाहरूमा त्यस्ता रोजगारहरूलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ,

३. यस नगरपालिकाभित्रका स्वरोजगार बन्न चाहने युवा, व्यवसायी तथा उद्यमीहरूलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य वैक तथा नेपाल बैँक लिमिटेडसँग सम्झौता भइ कर्जा उपलब्ध गराउने कार्यको सुरूवात भइसकेकोमा थप बैँकहरूसँग समेत सम्झौता गर्ने कार्य अगाडी बढाई युवा स्वरोजगारको सुनिश्चितता गरी विदेश पलायनलाई निरूत्साहित गरिनेछ,

४. नगरपालिका क्षेत्रभित्र अधिकतम रोजगारी सिर्जना गर्नका लागि नगर क्षेत्रभित्र संचालित विकास निर्माणका आयोजनाहरूमा स्थानीयलाई प्राथमिकताका साथ सहभागी गराइनेछ भने अन्य गौरवका आयोजनाहरूमा पनि स्थानीयको रोजगारीको हक सुनिश्चित गरिनेछ,

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरूलाई निर्धारित मापदण्ड बमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ। साथै नगरपालिका अन्तर्गत सबै वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गराइनेछ।

३.१७) सुशासन तथा सेवा प्रवाह

१. नगरपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवाहरूलाई सम्भव भएसम्म घरघरमै पुऱ्याई डेलिभरी सरकारको अवधारणा लागू गरी स्थानीय सरकारबाट संचालन हुने सेवा सुविधालाई नागरिक मैत्री एवम् सेवा ग्राही प्रदायक बनाइनेछ,

२. भ्रष्टाचारमुक्त प्रशासन निर्माणका लागि 'ई-गभरनेन्स' पद्धति लागू गरिनेछ। जसका लागि नगरपालिकाको कामकारबाही, निर्णय, एवम् कार्यान्वयन प्रकृयाका साथमा आर्थिक कुराहरूको पारदर्शिताका लागि छुट्टै आधुनिक सफ्टवेर निर्माण गरिनेछ,

३. नगरपालिकामा भएको र मेयर तथा उपमेयरले सम्पादन गरेको मासिक प्रगति विवरण वेभसाईट र मिडिया मार्फत सार्वजनिक गरिनेछ,

४. नियमित रूपमा सार्वजनिक सुनुवाई, समाजिक परीक्षण र सार्वजनिक लेखा परीक्षण र समिक्षाजस्ता सुशासन युक्त कार्यक्रमहरुलाई नियमित रुपमा संचालन गरिने व्यवस्था मिलाइनेछ,

५. गुनासो सुन्ने तथा उजुरी लिने प्रकृयालाई प्रभावकारी बनाइनेछ भने नगरपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहको अनुगमनलाई प्रभावकारी बनाउन नागरिक समाजका संस्थाहरू मार्फत तेस्रो पक्ष अनुगमन (Third Party Monitoring) गराउने कार्यको सुभारम्भ गरिनेछ,

६. नगरपालिकाको समग्र कामकारवाही र सेवा प्रवाहको प्रभावकारीताका लागि नगरपालिकामा सञ्चालित एफ.एम. स्टेशनहरूबाट साप्ताहिक रूपमा हेल्लो मेयर रेडियो कार्यक्रमलाई निरन्तरता दिइनेछ,

७. व्यक्तिगत घटना दर्ता, प्रमाणित र सिफारिसजस्ता कार्यहरु online मार्फत संचालन भइरहेको हुँदा अन्य वडाहरुमा समेत online प्रणाली मार्फत व्यक्तिगत घटना दर्ताको कार्यलाई प्रभावकारी ढङ्गले सुरूवात गरिनेछ,

८. नगरपालिकाको सेवालाई प्रविधिमैत्री बनाई छिटो, छरितो, आधुनिक, वैज्ञानीक एवम् जनमैत्री बनाइनेछ,

९. नगरपालिकामा आवश्यकताअनुसार कर्मचारी व्यवस्थापन गर्न तथा कर्मचारीहरूको मनोवल उच्च राख्न, क्षमता विकास गर्नका लागि समयानुकुल प्रोत्साहन तथा पुनर्ताजकी तालिमहरूको व्यवस्था गरिनेछ साथै सङ्गठन पुनर्संरचनाको कार्यलाई निरन्तरता दिइनेछ,

१०. नगरपालिकाबाट प्रवाह हुने सेवालाई सरल र नागरिकमैत्री बनाउन छुट्टै हेल्पडेस्कको व्यवस्थापन गरिनेछ भने उक्त डेस्कमा छुट्टै कार्यविधि बनाइ आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ । जहाँ सेवाग्राहीसँगै हरेक फाँटमा डेस्कका कर्मचारी गएर सहजिकरण गरी द्रूत गतिमा कार्य सम्पादनको वातावरण सिर्जना गरिनेछ,

११. पालिकाबाट प्रवाह हुने अधिकतम सेवाहरू ईन्टरनेट र आधुनिक प्रविधिको प्रयोग गरी वडाबाटै प्रदान गरिनेछ,

१२. नगर क्षेत्रका युवाहरूमा स्थानीय सरकार संचालनको अभ्यासको जानकारी दिंदै नेतृत्व क्षमता अभिवृद्धि गर्नका लागि युवा स्थानीय तह अभ्यास संचालन कार्यक्रम लागू गरिनेछ। जसका लागि यही आ.व. देखि आवश्यक बजेट विनियोजन गर्दै लगिनेछ,

१३. नगरपालिका एवम् अन्तर्गत कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको कार्य दक्षता, कार्य क्षमता र अनुसाशन एवम् जनमैत्री व्यवहारको आधारमा स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गरी सम्मानीत र प्रोत्साहित गरिनेछ भने करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा अवधिको निरन्तरतामा विशेष ध्यान दिने गरी कर्मचारी व्यवस्थापनको नीति अवलम्बन गरिनेछ,

१४. कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न तालिम, गोष्ठी, सेमिनार एवम् अन्तरक्रिया कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।

१५. सङ्घीय सरकार र प्रदेश सरकार अन्तर्गत रहेका निकायहरुले स्थानीय सरकारसँग समन्वय नगरि आफ्नो योजनाहरु अगाडी बढाउने, नगरक्षेत्र भित्र के कति काम कसरी र कुन निकायले गरेको हो त्यस्को जानकारी, विवरण र अनुगमनको अभावमा त्यस्ता कामहरु कर्मचारी र निर्माण व्यवसायीको मिलेमतोमा न्युन गुणस्तरीय काम हुने र त्यसको दिगोपन समेत नहुने हुँदा संघ र प्रदेश अन्तर्गतका कामहरु स्थानीय सरकारसँग प्रभावकारी समन्वयमा मात्रै अगाडी बढाउने व्यवस्था मिलाइनेछ ।

३.१८) गैर-सरकारी संघ-संस्था

१. "विकासका लागि हातेमालो अभियान" सञ्चालन गर्न शिक्षा, स्वास्थ्य, पर्यटन, फोहोरमैला व्यवस्थापनलगायतका सामाजिक क्षेत्रहरूमा गैर-सरकारी संस्थाहरूसँग लागत साँझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ,

२. नगरक्षेत्रभित्र कार्यक्षेत्र बनाई काम गरिरहेका र काम गर्न चाहने गैरसरकारी संघ संस्थाहरुलाई नगरपालिकामा सूचिकृत गरी नगरपालिकासँगको समन्वयमा मात्र काम गर्ने व्यवस्था मिलाइनेछ ।

३.१९) भूमि सुधार

१. नगरपालिका क्षेत्रमा सार्वजनिक जग्गाको यकिन गरी वृहत भू-उपयोग योजना (Land Use Plan) तयार गरिनेछ र आवादी जग्गालाई बाँझो राख्ने प्रवृत्ति अन्त्यका लागि उत्पादनलाई प्रोत्साहन गरिनेछ,

२. भूमिहिन नागरिकहरुको पहिचान गरी सुकुम्वासी समस्या समाधानको लागि राष्ट्रिय भूमि आयोग सोलुखुम्बुसँग सम्नवय गर्ने कार्य योजना तय गरिनेछ ।

३.२०) उद्योग

१. स्व-उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानीकर्ता र बाह्य लगानीकर्ताको लगानी भित्रिने वातावरण तयार गरिनेछ भने यस्ता उद्योगहरूको स्थापना र सञ्चालनका लागि प्रोत्साहन गरी सहजीकरण गर्नका लागि कर छुटलगायतका सुविधाहरू प्रदान गरिनेछ,

२. साना तथा मझौला उद्योग जस्तैः चिया खेती, किवी प्रशोधन, आलु चिप्स/फ्रेन्चफ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्श्य भूरा/माछापालन आदिको प्रोत्साहनका लागि आवश्यक अनुदान उपलव्ध गराइनेछ,

३. उद्योग व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउँदै नगरपालिकालाई उद्योग मैत्री नगरपालिका (Industry Friendly Municipality) को रूपमा विकसित गरिने नीति कायमै राखिनेछ,

४. नगरक्षेत्रभित्र संचालित उद्योगधन्धा, हाईड्रो तथा निर्माण सम्बन्धी आयोजनाहरूमा काम गर्ने श्रमिकहरूको सुरक्षाको विषयलाई प्राथमिकता दिन तथा सुरक्षासँग सम्बन्धित उपकरण, शारीरिक सुरक्षामा उपयोग हुने हेल्मेट, गम्बुट, Hanging डोरी लागयतका वस्तुधन अनिवार्य रूपमा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिइ कार्यान्वयनमा ल्याइनेछ,

५. नगरपालिका क्षेत्रभित्र रहेका परम्परागत सीपहरू भाँडाकुडा, सिलाइ, छालाजुतालगायतका सीपहरूलाइ व्यवसायीकरण गर्न प्रत्येक वडाहरूमा रकम उपलब्ध गराइनेछ साथै याक चिज उद्योग, गलैचा उद्योगको पुनःस्थापना तथा सञ्चालनको लागि पहल गरिनेछ,

६. नगरपालिका क्षेत्रभित्र सञ्चालित क्रसर उद्योगहरूलाई वातावरणमैत्री एवम् जोखिमरहित किसिमले सञ्चालन गर्ने गरी दर्ता प्रक्रियामा सहजीकरण गरिनेछ,

७. विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिनेछ ।

३.२१) खेलकूद

१. खेल मैदान नभएका वडाहरुमा खेलकूद मैदान निर्माण र स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ,

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय किसिमका साहसिक खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ,

३. नगर एवम् जिल्ला भित्रका खेलाडीहरुलाई सुसङ्गठित गरी जिल्ला एवम् राष्ट्रस्तरीय प्रतिष्प्रधात्मक खेल खेल्ने वातावरणलाई प्रोत्साहीत गरिनेछ ।

३.२२) वित्त तथा सहकारी

१. बैङ्क तथा वित्तिय संस्थाको पहुँच नपुगेका बाँकी वडाहरूमा यस आर्थिक वर्षभित्रै त्यस्ता संस्थाको पहुँच पुऱ्याइनेछ। वडा नं. १ र १० मा शाखा रहित बैङ्क स्थापना गर्न पहल गरिनेछ,

२. कम्तिमा "एक वडा एक सहकारी" को अभियान प्रवर्द्धन गरी सहकारी मार्फत उत्पादन भएका वस्तु तथा सेवालाई प्रोत्साहन गरिनेछ,

३. सहकारीहरूसँगको सहकार्यमा आर्थिक सामाजिक विकासका क्रियाकलापहरू सञ्चालनमा ल्याइनेछ साथै सहकारी डेस्क स्थापना गरी अनुगमन तथा नियमन गरिनेछ,

४. सहकारीहरूको लेखा प्रणाली व्यवस्थीत गर्नका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ,

५. राष्ट्रिय वाणिज्य बैङ्कलगायत विभिन्न बैङ्कहरुसँग कृषक एवम् उद्यमीहरुलाई सहुलियत ऋण उपलब्ध गराई कृषि उत्पादन बढाई स्वरोजगार बनाउन भएको सम्झौता थप प्रभावकारी ढङ्गबाट लागू गर्ने व्यवस्था मिलाइनेछ,

६. नगरक्षेत्र भित्र रहेका सहकारीको नियमन र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

३.२३) यातायात

१. सदरमुकाम सल्लेरी स्थित रहेको वसपार्कलाई स्तरोन्नती गरी सुविधासम्पन्न बनाइनेछ,

२. सवारी साधनको चाप भएको स्थानहरूमा सवारी साधन पार्किङको लागि पार्किङ स्थलहरूको खोजी गरिनेछ,

३. नगरपालिकाभित्र विद्युतीय नगर बस संचालन गरिनेछ भने बस सेवा सञ्चालनमा ल्याउन चाहने व्यवसायीहरूलाई नगरपालिकाबाट सहुलियत प्रदान गरिनेछ,

४. सार्वजनिक यातायातमा विद्यार्थी तथा ज्येष्ठ नागरिक सहुलियत कार्यक्रम लागू गरी यात्रामा छुट उपलब्ध गराउन पहल गरिनेछ,

५. नगरबासीलाई सार्वजनिक सवारी सुविधाको लागि नगरका सवै वडामा सार्वजनिक सवारी विस्तार गर्ने कार्य अगाडी वढाइनेछ।

६. सडक सूरक्षा एवम् ट्राफिक व्यवस्थापनमा विशेष कार्यक्रम संचालन गरिनेछ।

३.२४) योजना, अनुगमन तथा मूल्याङ्कन

१. नगरभित्र रहेका सङ्घीय तथा प्रदेश सरकारका निकाय, नगरपालिका तथा गैर-सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजना साझेदारीमा गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ,

२. आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भइसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत सम्भार कार्यका लागि उपभोक्ता समितिलाईनै जिम्मेवारी बनाउने नीति अख्तियार गरिनेछ,

३. अनुगमन सम्बन्धी उपभोक्ता समितिहरूको गुनासोलाई न्यूनीकरण गर्न एवम् अनुगमनलाई अझ बढी प्रभावकारी बनाउन नगरपालिकाबाट प्रकाशित अनुगमन तालिका बमोजिम नगर क्षेत्रभित्र गरिने सम्पूर्ण अनुगमन कार्यमा अनुगमन समितिलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ। साथैअनुगमन प्रतिवेदन पेश भएपछि उक्त प्रतिवेदन माथी छलफल गरी आवश्यक कार्वाही अगाडि बढाइने व्यवस्थालाई निरन्तरता दिइनेछ,

४. योजना अनुगमन र मूल्याङ्कनको कार्यलाई पारदर्शी एवम् नतिजामुखी बनाइनेछ।

३.२५) साझेदारी

१. नगरपालिकाको दीर्घकालीन आयस्रोत निर्माण हुने तथा राम्रो प्रतिफल प्राप्त हुने आयोजनाहरू, नगर विकास कोष तथा आर्थिक साझेदारी गर्ने सरकारी र निजी बैकहरू, अन्य संघ-संस्थाहरूसंग ऋण तथा अनुदान साझेदारीमा सञ्चालनमा ल्याइनेछ,

२. सीमाना जोडिएका पालिकाहरूसँग समन्वय गरी बहुपालिका विकास साझेदारी (Multiple Palika Development Collaboration) कार्यक्रमलाई अगाडि बढाइनेछ,

३. सोलुदुधकुण्ड नगरपालिका भित्र निर्माण तथा मर्मत हुने सडक, खानेपानी, ढल तथा अन्य पूर्वाधारका लागि यस नगरपालिका र इच्छुक उपभोक्ता /अन्य निकायसँग ५०/५० प्रतिशत लागत साझेदारीलाई प्राथमिकता दिइनेछ,

४. नगरपालिका क्षेत्रभित्र संचालित जलविद्युत आयोजना, वैंक तथा वित्तिय क्षेत्र र नाफा मूलक उद्योग तथा कम्पनिहरूले अनिवार्य रूपमा खर्च गर्नुपर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतको बजेटलाई जनपक्षीय काममा खर्च गर्नका लागि नगरपालिकाको सिफारिसमा स्थानीय साझेदारीता एवम् पारदर्शितामा योजना कार्यान्वयन गर्न जोड दिइनेछ।

३.२६) धर्म संस्कृति

१. विभिन्न मठ मन्दिर गुम्बा तथा धार्मिकस्थलहरूको भौतिक पूर्वाधार मर्मत, सम्भार एवम् आवश्यक जिर्णोद्वार गरी धार्मिक सहिष्णुता कायम गरिनेछ। यसका लागि आवश्यकता पहिचान गरी बजेट उपलब्ध गराउने नीति लागू गरिनेछ,

२. ज्वालामाई मन्दिरलाई थप व्यवस्थित र सौन्दर्यीकरण गरी धार्मिक पर्यटनलाई बढ्वा दिइनेछ,

३. नगर क्षेत्रभित्र रहेको सम्पूर्ण धर्म संस्कृति र संस्कारको जगेर्ना गर्न विशेष नीति अवलम्बन गरिनेछ,

४. धार्मिक क्षेत्र दुधकुण्ड जाने पद मार्ग र वडा नं. ११ स्थित हुँगो सिंहकाली मन्दिरमा खानेपानी एवम् विजुली बत्तीको व्यवस्थापन गरी तिर्थालुहरूको सहजताको लागि आवश्यक व्यवस्था गरिनेछ।

३.२७) लक्षित वर्ग

१. सोलुदुधकुण्ड नगरपालिका अन्तर्गत स्थापना भएको महिला उद्यमशिलता सहजीकरण केन्द्रलाई थप प्रभावकारी ढङ्गबाट संचालनमा ल्याइनेछ,

२. सोलुदुधकुण्ड नगरपालिकाको लैङ्गिक समानता नीति निर्माण गरी लागू गरिनेछ,

३. विपन्न तथा पिछडिएका वर्गका महिलाहरूलाई लक्षित गरी क्षमता अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ,

४. लैङ्गिक हिंसामा परेका महिलाहरूका लागि सञ्चालनमा रहेको महिला सुरक्षावास भवन (Safe Home) को सुविधा वृद्धि गर्न महिला अधिकारका क्षेत्रमा काम गर्ने सबै निकाय तथा संघसंस्थासँग सहकार्य गरिनेछ,

५. गरिव, विपन्न, असहाय र जोखिममा परेका बालबालीकाहरूको उद्दार, संरक्षण र पूनःस्थापनाका लागि साझेदारीमा बाल संरक्षण केन्द्र निर्माणको कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ,

६. नगरक्षेत्रका सार्वजनिक जग्गामा सार्वजनिक निजी साझेदारी अन्तर्गत बाल बगैँचा र बालउद्यानहरूको निर्माण गरिनेछ,

७. नगरक्षेत्रभित्र निर्माण गरिने सरकारी, गैर-सरकारी निकाय तथा संघ-संस्थाका भवन अपाङ्गमैत्री बनाउन अनिवार्य गरिनेछ,

८. नगरक्षेत्रका "क" वर्गको अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य वीमा नगरपालिकाले गर्ने र स्वास्थ्य उपचारमा विशेष छुटको व्यवस्था मिलाइनेछ,

९. अपाङ्गता भएका नागरिकहरूको जीवनयापनको सहजताको लागि अपाङ्गताको प्रकृतिअनुसार सीपमूलक र व्यवसायिक तालीम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा आत्मनिर्भर बनाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ,

१०. जनजातिहरूको भाषा, लिपि र संस्कृतिको जर्गेना गर्दै आदिवासी जनजाति हकहित संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ,

११. नगरपालिका भित्र हुने विभिन्न अवसरहरूमा समावेशी आरक्षणलाई आत्मासात गरी लागू गरिनेछ,

१२. अल्पसंख्यक, दलित तथा विपन्न वर्गलाई प्रत्यक्ष लाभ हुने तथा सीपमूलक कार्यक्रम संचालन गरिनेछ,

१३. ज्येष्ठ नागरिकको अनुभव र सीपलाई सामाजिक तथा आर्थिक विकासको कार्यमा उपयोग गर्न ज्येष्ठ नागरिक अक्षय कोषलाई निरन्तरता दिँदै सामाजिक सुरक्षा र निःशुल्क औषधी वितरणको कार्यलाई निरन्तरता दिइनेछ,

१४. ६८ वर्ष उमेर नाघेका जेष्ठनागरिकलाई स्वास्थ्य बिमा शूल्क नगरपालिकाले नै व्यहोर्नेछ। साथै समाजमा विशिष्ठ योगदान पुर्याउने जेष्ठ नागरिकहरूलाई सम्मान गरिनेछ,

१५. सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ स्थीत दलित छात्रावासलाई मर्मत सम्भार एवम् सुविधा सम्पन्न बनाई प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ,

१६. हिंसा तथा दुर्व्यवहारमा परेका वर्गलाई संरक्षण, उपचार र मनोपरामर्श तथा कानुनी सहायता उपलब्ध गराइनेछ,

आदरणीय सभाध्यक्षज्यू,

अब म योजना छनौटका आधारहरू निम्नअनुसार रहेको कुरा प्रस्तुत गर्न चाहन्छु।

४) योजना छनौटका आधारहरू

यो पञ्चवर्षीय नीति तथा कार्यक्रम (२०७९-२०८४) निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, (संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, नगरपालिकाका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन (परिमार्जन सहित) २०७४, दिगो विकासको रणनीति, १५ औँ पञ्चवर्षीय योजना र यस नगरपालिकाका बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ। सङ्घीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरूको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरू साथै नगरसभा सदस्यहरूले स्थानीयहरूसँग सङ्कलन गरिएका मागहरूलाई समेत समावेश गरी योजना छनौट गरिएको छ।

योजना लिस्ट वडा र नगर स्तरीय

सोलुदुधकुण्ड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सोलुखुम्बु

कार्यालयको कोड : ८०१०९४०१३००

Budget appropriation in accordance with program / project

चालु

आ.व. : २०७९/८०				
सि.नं.	**कार्यक्रम / आयोजना / क्रियाकलापको नाम**	**उप क्षेत्र**	**स्रोत**	**जम्मा वजेट विनीयोजन**
८०१०९४०११०१ सोलुदुधकुण्ड नगरपालिका				
१	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	४,३०,४२,२४६.३९
२	पोशाक	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१२,९०,०००
३	स्थानीय भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२५,०९,३२०

४	महंगी भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२०,६४,०००
५	फिल्ड भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	५,००,०००
६	राशन भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	५,४०,०००
७	पदाधिकारीअन्य सुबिधा	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	९५,००,०००
८	कर्मचारी कल्याण कोष	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१०,००,०००
९	कार्यालयको विजुली महशुल	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	५,००,०००
१०	पानी तथा बिजुली सडक बत्ती महशुल भुक्तानी	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१८,००,०००
११	संचार महसुल	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	४,००,०००
१२	संचार महसुल नुम्वुर नेटको विगत आ.वको भुक्तानी	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	१३,००,०००
१३	इन्धन (कार्यालय प्रयोजन)	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१,००,००,०००
१४	बिमा तथा नवीकरण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१७,००,०००
१५	पराडो गाडी टायर खरीद नेशनल टायर भुक्तानी वाँकी	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	१,०४,५२५
१६	प्राडो गाडी मर्मतको निश्चल अटो वर्कसप र विनायक अटो वर्कसप भुक्तानी बाँकी	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	५,२४,८८५

१७	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	६०,००,०००
१८	अन्य कार्यालयको सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२०,००,०००
१९	मसलन्द तथा कार्यालय सामाग्री	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	३०,००,०००
२०	पुस्तक तथा सामग्री खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	३,००,०००
२१	इन्धन - अन्य प्रयोजन	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	३,००,०००
२२	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	९,००,०००
२३	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	५,००,०००
२४	करार सेवा शुल्क सुचना प्रविधि अधिकृत /कृषी /पशु प्राविधिक नपुग तलव	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१४,९१,०००
२५	फोहोर मैला व्यवस्थापनमा संलग्न कर्मचारी पारिश्रमीक	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	८,००,०००
२६	बाल कक्षा शिक्षकको थप तलव	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	३२,५०,०००
२७	वडा नं. ६ को कम्प्युटर अपरेटरको २०७९ असारको छुट पारिश्रमीक	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	२०,८३३
२८	वाङछु मेमोरीयल अस्पताल टाप्टिङ जनशक्ती तलव भत्ता तथा विविध खर्च	शान्ति तथा सुव्यवस्था	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	३०,००,०००
२९	सहरी स्वास्थ्य केन्द्र जैदु, सामुदायिक स्वास्थ्य ईकाइ घुन्सा र नाजिङ गाँउ घर क्लिनिक संचालन	स्वास्थ्य	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१९,००,०००

३०	अन्य सेवा शुल्क	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	५०,०००
३१	४० वर्ष माथिको सबै नगर बासिहरुलाई उच्च रक्तचाप, मुटु रोग, मधुमेह, मृगौला रोग, श्रासप्रस्वास रोग, रगत परिक्षण तथा पाठेघरको क्यान्सर स्क्रिनिङ कार्यक्रम	स्वास्थ्य	आन्तरिक श्रोत - नगद	१०,००,०००
३२	IEMIS अध्यावधिक अभिमुखि कार्यक्रम	शिक्षा	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	५०,०००
३३	कक्षा (१-३) मा शिक्षण गर्ने विद्यालयका शिक्षकहरुको लागि एकिकृत सिकाइ सहजिकरण तालिम	शिक्षा	आन्तरिक श्रोत - नगद	५,००,०००
३४	घाँस विउ बितरण	पशुपन्छी विकास	आन्तरिक श्रोत - नगद	३,००,०००
३५	प्र.अ. बैठक गोस्ठी	शिक्षा	आन्तरिक श्रोत - नगद	२,००,०००
३६	पोषण खोप र सुरक्षीत मातृत्व सम्वन्धी कार्यमा नगपालिका भित्रका उत्कृष्ट कार्य गर्ने साविक ९ वटा गाविसहरुवाट १ /१ जनाका दरले ९ जना स्वास्थ्य स्वय सेविकाहरुलाइ प्रोत्सहान स्वरुप पुरुस्कृत गर्न	स्वास्थ्य	आन्तरिक श्रोत - नगद	१,००,०००
३७	फर्निचर साउण्ड सिस्टम मेन्दोपाके दलित	भाषा तथा संस्कृति	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,००,०००
३८	लाम्सोती खानेपानी मर्मत तथा भाडा वर्तन तथा फर्निचर खरीद			३,००,०००
३९	तिनासा भुजेल गुठीलाई भाँडाकुडा र फर्निचर खरीद	भाषा तथा संस्कृति	आन्तरिक श्रोत - नगद	२,००,०००
४०	विद्यार्थी सिकाई मूल्यङ्कन अभिलेख फारम पुस्तिका कक्षा (१-३) सम्मको विद्यार्थिका लागि पुस्तक खरीद	शिक्षा	आन्तरिक श्रोत - नगद	२,२०,०००
४१	विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम	शासन प्रणाली	आन्तरिक श्रोत - नगद	२,००,०००
४२	विविध कार्यक्रम खर्च अतिथि सत्कार	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	४,००,०००
४३	शैक्षिक पात्रो निर्माण	शिक्षा	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,००,०००

४४	सूचना प्रविधि	प्रशासकीय सुशासन	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	३,५५,५६६
४५	सूचना प्रविधि	प्रशासकीय सुशासन	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	११,४४,४३३.६१
४६	सुचना संचार सहयोग कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२५,००,०००
४७	स्थानीय पाठ्यक्रमको पुस्तक छपाई	शिक्षा	आन्तरिक श्रोत - नगद	२,००,०००
४८	समता स्कुल	शिक्षा	आन्तरिक श्रोत - नगद	४,००,०००
४९	सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य प्रवर्धनका लागि अनमी द्धारा सुत्केरी महिलाको घरैमा स्वास्थ्य परिक्षण तथा जनप्रतिनिधि बाट कोशेली सहित भेट	स्वास्थ्य	आन्तरिक श्रोत - नगद	५,००,०००
५०	सुशासन प्रवर्द्धन कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१५,००,०००
५१	साझेदारीमा स्वास्थ्य शिविर कार्यक्रम संचालन	स्वास्थ्य	आन्तरिक श्रोत - नगद	४,००,०००
५२	सामुदायिक घर पालुवा कुकुरहरुको बन्ध्याकरण तथा रेविज विरुद्ध खोप शिवि	पशुपन्छी विकास	आन्तरिक श्रोत - नगद	५,००,०००
५३	सि.सि.क्यामेरा (जोर बौद्ध, सल्लरी बस्पार्क, एर्पोट)	शान्ति तथा सुव्यवस्था	आन्तरिक श्रोत - नगद	१०,००,०००
५४	अनुगमन, मूल्याङ्कन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	६,००,०००
५५	भ्रमण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१९,००,०००
५६	कर्मचारी तथा पदाधिकारी अध्ययन अवलोकन अन्य भ्रमण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	६,००,०००
५७	सरुवा भ्रमण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
५८	विविध खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१५,००,०००

५९	सभा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	६,००,०००
६०	कार्यालयले भाडामा लिएको घरको घरभाडा	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१७,००,०००
६१	अन्य भाडा	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	१५,००,०००
८०१०९४०१२०१ सोलुदुधकुण्ड नगरपालिका वडा नं. १				
६१	टाक्सिन्दु मा.वि. अतिरिक्त कार्यक्रम संचालन	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,५०,०००
६२	विविध कार्यक्रम खर्च छुल्यामु आमा समूह	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,५०,०००
६३	विविध कार्यक्रम खर्च वडा नं. १	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	३,००,०००
६४	विविध कार्यक्रम खर्च वडा नं. १	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
८०१०९४०१२०२ सोलुदुधकुण्ड नगरपालिका वडा नं. २				
६५	कृषी विकास सम्वन्धी कार्यक्रम विविध कार्यक्रम वडा नं. २	कृषि	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	५०,०००
६६	वडा कार्यालय व्यवस्थापन	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,५०,०००
६७	विविध कार्यक्रम खर्च वडा नं. २	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	३,००,०००
६८	विविध कार्यक्रम खर्च वडा नं. २	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
६९	शिक्षा सम्वन्धी विविध कार्यक्रम वडा नं. २	शिक्षा	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,००,०००

७०	स्वास्थ्य सम्वन्धी विविध कार्यक्रम वडा नं. २	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,००,०००
८०१०९४०१२०३ सोलुदुधकुण्ड नगरपालिका वडा नं. ३				
७१	पोषण कोर्णरको निर्माण र स्वास्थ चौकीको भौतिक मर्मत	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,५०,०००
७२	व्यवसायिक खेति (बिउ बिजन) प्रवर्धन तथा अभिमुखिकरण र चिया खेति अध्ययन कार्यक्रम	कृषि	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,५०,०००
७३	विविध कार्यक्रम खर्च वडा नं. ३	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
७४	विविध कार्यक्रम खर्च वडा नं. ३	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	३,००,०००
८०१०९४०१२०४ सोलुदुधकुण्ड नगरपालिका वडा नं. ४				
७५	खोलाघारी तामाङ सेवा समाज भवनमा वाइरीङ	भवन, आवास तथा सहरी विकास	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,७०,०००
७६	तल्लो वि.क. गुठी टोलकका लागि भौतिक सुधार	भाषा तथा संस्कृति	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,००,०००
७७	विपद् व्यवस्थापन	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,३०,०००
७८	विविध कार्यक्रम खर्च वडा नं. ४	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
७९	विविध कार्यक्रम खर्च वडा नं. ४	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	३,००,०००
८०१०९४०१२०५ सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५				
८०	सामाजिक परिचालन वडा नं. ५	सामाजिक सुरक्षा तथा संरक्षण	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,२०,०००
८१	क्षेत्री वाहुन एकता समाज वसन्तबजार भाडा वर्तन खरीद	भाषा तथा संस्कृति	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,४०,०००
८२	कार्यालय व्यवस्थापन शहरी स्वास्थ्य केन्द्र जैदु	सामाजिक सुरक्षा तथा संरक्षण	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,००,०००

८३	जनसुधार सामुदायिक संस्था भाडा वर्तन खरीद	भाषा तथा संस्कृति	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,४०,०००
८४	विविध कार्यक्रम खर्च वडा नं. ५	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
८५	विविध कार्यक्रम खर्च वडा नं. ५	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	३,००,०००
८०१०९४०१२०६ सोलुदुधकुण्ड नगरपालिका वडा नं. ६				
८६	खेलकुद सामाग्री वितरण वडा नं. ६	युवा तथा खेलकुद	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,००,०००
८७	दोर्पु आ.वि.छुल्यामु र जनसुधार आ.वि.खोरिया स्टेशनरी	शिक्षा	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	६०,०००
८८	पिके हरियाली सामुदायिक संस्थालाई भाडाकुडा र कुर्सी खरीद वडा नं. ६	भाषा तथा संस्कृति	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,००,०००
८९	महिला समूहहरुलाई कृषि तालिम	कृषि	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१,३०,०००
९०	विविध कार्यक्रम खर्च वडा नं. ६	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	३,००,०००
९१	विविध कार्यक्रम खर्च वडा नं. ६	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
९२	सुरक्षित मातृत्व, पोषण तथा गाउँघर क्लिनिक संचालन वडा नं. ६	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,००,०००
८०१०९४०१२०७ सोलुदुधकुण्ड नगरपालिका वडा नं. ७				
९३	महिला स्वामसेविका को लागि स्वास्थ्य बिमा	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२५,०००
९४	वडा स्तरीय भलिवल रनिङ शिल्ड आयोजना	युवा तथा खेलकुद	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४,००,०००
९५	विविध कार्यक्रम खर्च वडा नं. ७	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
९६	विविध खर्च वडा नं. ७	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	३,००,०००

९७	सुरक्षित मातृत्व प्रवद्र्धन तथा सुत्केरी भेटघाट कार्यक्रम	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,००,०००
८०१०९४०१२०८ सोलुदुधकुण्ड नगरपालिका वडा नं. ८				
९८	एम्बुलेन्स संचालन तथा व्यवस्थापन	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	३,००,०००
९९	विविध कार्यक्रम खर्च वडा नं. ८	कार्यालय सञ्चालन तथा प्रशासनिक	आन्तरिक श्रोत - नगद	३,००,०००
१००	विविध कार्यक्रम खर्च वडा नं. ८	कार्यालय सञ्चालन तथा प्रशासनिक	राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद	२,००,०००
१०१	स्वास्थ्य चौकी व्यवस्थापन	स्वास्थ्य	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	२,००,०००
